# “दृष्टि कमजोर भएकाहरुको शिक्षामा समावेशीको अवस्था”

**त्रिभुवन विश्वविद्याल, शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नात्तकोतर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको**

**शोधपत्र**


**प्रस्तावकर्ता**

नारायण गिरी

परिक्षा रोल नं.: ७६२४३०५९

त्रि.वि. रजिष्ट्रेशन नं.: ७–१–२४२–९९-९९


हेटौडा, मकवानपुर

२०८१

# कृतज्ञता ज्ञान

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि यो शोधपत्र तयार पारिएको हो । “दृष्टि कमजोर भएकाहरुको शिक्षामा समावेशीको अवस्था“ शीर्षकमा शोधप्रस्तावना स्वीकृत गरी शोधकार्य गर्न अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग हेटौडा क्याम्पस प्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य सम्म पूरा गर्नको लागि महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव, हौसला एवं मार्गनिर्देशन गर्नुहुने मेरो आदरणीय गुरु तथा आन्तरिक शोध निर्देशक श्री लिला नाथ ढुङ्गेल तथा प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । सल्लाह र सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रद्धेय गुरुहरु प्रति आभारी छु । त्यसैगरी अध्ययन कार्यमा जाँदा सहयोग गर्नु हुने साथी सृष्टि कठायत, सम्बन्धीत विद्यालयका आदरणीय प्र.अ. तथा शिक्षक ज्यूहरु, विद्यार्थी भाइबहिनीहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावकहरु तथा शिक्षक मित्रहरु प्रति आभार प्रकट गर्दछु । आफ्नो अमूल्य समय, श्रम, धन खर्च गरेर उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नुहुने मेरा बुबा, आमाप्रति सदैव ऋणी छु । साथै सल्लाह, सुझाव र भाषिक शुद्धता हेर्नुहुने गुरु श्री शिव राज पराजुली, राम बहादुर भन्डारी र साथै श्रीमाति दिल माया गिरी तथा आदरणीय दिदिहरु र मेरो आफन्तजनलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र तयार गर्नको लागि अध्ययनको क्रममा सुरुदेखि अन्तसम्म सहयोग गर्नुहुने सम्पूर्ण माहानुभावहरु साथै हेटौडा क्याम्पसलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नारायण गिरी

# शोधसार

प्रस्तुत अध्ययन दृष्टि कमजोर भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेको प्रयासहरु शिर्षक अन्तर्गत  मा रहेका सामुदायिक विद्यालयहरु मध्ये मकवानपुर जिल्ला मनहरी गाउँपालिका अन्तरगत पर्ने मनहरी वड नं. ६ मा संचापलत श्री जनजाति उत्थान प्राथमिक विद्यालय, श्री प्रगती प्रा.वि. लोथर ६ र वडा नं. ९ मा रहेको श्री ऋषेश्वरी वाल जागृत प्रा. वि. मा गरी जम्मा ३ वटा प्राथमिकतहका विद्यालयलाई नमुनाको रुपमा लिइएको छ । प्रस्तुत अध्ययनले दृष्टि कमजोर भएका बालबालिकाहरुलाई दृष्टि कमजोर बालबालिका लागि भौतिक संरचना नहुनाले शिक्षा प्राप्त गर्न कठिनाई हुने गरेको बताउँछ । यद्यपी अध्ययन गरिएको विद्यालय अपाङ्गमैत्री विद्यालय हो । यसैगरि यस विद्यालयमा दृष्टि कमजोर भएकाहरु विद्यार्थीहरुको लागि प्रयाप्त मात्रामा शैक्षिक सामाग्री प्रर्याप्त नभएको, दृष्टि कमजोर भएका बालबालिका लागि उपयुक्त धारा, शैचालय, खेलमैदान, प्र.अ.को कार्यकक्ष रहेको पाइयो । दृष्टि कमजोर सम्बन्धि शैक्षिक नीति, नियमको अध्ययन बाट अझै प्रयाप्त मात्रामा शैक्षिक नीति नियम अपाङ्गता अनुकुल नरहेको पाईयो ।  विद्यालयहरुमा दृष्टि कमजोर भएका बालबालिकालाई योग्य हुने पाठ्य सामाग्रीहरु (Audio, Visual, Brail) को उपलब्धता नहुने दृष्टि कमजोर भएका बालबालिकाहरुले पढ्ने विद्यालयकामा यस्तो अवस्था छ भने अनेत्र कस्तो अवस्था होला सहजै अनुमान गर्न सकिन्छ ।

अतः समग्रमा यो अध्ययनले दृष्टि कमजोर भएका बालबालिकाहरुको शिक्षामा राज्यले गरेका प्रयासहरु खरानिय हुँदाहुँदै पनि व्यवहारमा नीति अनुसारको कार्यान्वयन हुन सकेको देखिदैन । भौतिक संरचना बनाउदा दृष्टि कमजोर भएकाहरु बालबालिकालाई अनुकुल बनाउने, दृष्टि कमजोर भएका बालवालिकाहरुको लागि शिक्षा मात्र निः शुल्क भनेर मात्र हुँदैन त्यसका लागि प्रोत्साहन स्वरुप शैक्षिक छात्रवृद्धि, पुरस्कार लगायतका अन्य सुबिधाहरु पनि उपलब्ध गराउनु पर्ने देखिन्छ ।

## विषय सूचि


| | |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृत पत्र | II |
| कृतज्ञता ज्ञान | III |
| शोधसार | IV |
| विषयसूची | V |
| **परिच्छेद एक** | |
| **परिचय** | |
| १.१ अध्यनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उदेश्य | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ मुख्य शब्दावलीको परिभाषा | ८ |
| **परिच्छेद दुई** | |
| **सम्वन्धित साहित्यको पूनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ नीतिगत प्रावधान | १० |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.३ सिकाईमा समावेशीताको अवस्थाको उपादेयता | १५ |
| **परिच्छेद तीन** | |
| **अनुसन्धान विधि** | |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १७ |
| ३.२ जनसंख्या तथा नमूना छनौट | १८ |
| ३.३ तथ्याङ्क संकलनका स्रोतहरु | १८ |
| ३.३.१ प्राथमिक स्रोतहरु | १९ |
| ३.३.२ द्धितिय स्रोतहरु | १९ |
| ३.४ तथ्याङ्क संकलनका साधनहरु | १९ |

३.४.१ अन्तरवार्ता प्रश्नावली १९
३.४.२ सरोकारवालाहरुको धारणा बुझ्नका लागि प्रश्नावली २०
३.५ तथ्याङ्क संकलन प्रक्रिया २२
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २२

**परिच्छेद चार**

**तथ्याङकको व्याख्या तथा नतिजाको विश्लेषण**

४.१ सिकाई समावेशीताको लागि प्रधानाध्यापकको भूमिका २३
४.२ शिक्षण सिकाइमा प्रभाव पार्ने तत्वहरु २७
४.२.१ पाठ्यक्रमको उदेश्यहरु २८
४.२.२ उपलब्ध भौतिक साधान २८
४.२.३ शिक्षकको क्षमता र तालिम २९
४.२.४ विद्यार्थीको उमेर क्षमता र रुचि ३०
४.२.५ विषयवस्तु ३१
४.३ सिकाइमा गुणस्तर समावेशी कायम गर्नका लागि प्र.अ.ले भोग्नु परेका समस्या ३२
४.४ सिकाई समावेशीताका लागि परेका समस्या समाधानका उपायहरु ३७

**परिच्छेद पांच**

**निष्कर्ष र सुझावहरु**

५.१ अध्ययनको प्राप्ती ४०
५.२ निष्कर्ष ४१
५.३ सुझावहरु ४२
५.३.१ नीति निर्माण तह ४२
५.३.२ कार्यन्वयन तह ४४
५.३.३ अनुसन्धान तह ४५

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**

# विषय सुची

## परिच्छेद एक

### १.१ अध्ययनको पृष्ठभूमि

कमजोर दृष्टि भन्नाले सामान्य बालबालिकाहरुले सरह भौतिक संसार वा कुनैपनि वास्तविक आकृतिको स्पष्ट रुपमा पहिचाहन गर्न नसक्ने अवस्था भएको आँखाको हेर्ने क्षमतामा भएको कमजोरीको अवस्था नै कमजोर दृष्टिको अवस्था हो ।

यसरी बालबालिकाको सिकाईमा प्रत्यक्ष सम्बन्ध राख्ने शरीरको महत्वपूर्ण अंग मध्ये आँखा एक महत्वपूण अंग हो । जुन आँखाको हेर्ने शक्तिमा कमजोरी हुन्छ त्यस्ता बालबालिकाले कुनै पनि बस्तु झ्वाट्ट हेर्दा पत्ता लगाउन सकिदैन । आँखामा जन्मजात कमजोर दृष्टि हुन पनि सक्छ । त्यसको विपरित पछि विभिन्न कारणले तथा परम्परागत सामाजिक मूल्य मान्यताको कारणले, आर्थिक अभावले, सरसफाइको कमी कमजोरीले, खानपानको कारणले, ठिक समयमा उपचार नपाएर आँखाको दृष्टिमा नकारात्मक प्रभाव पर्नु नै कमजोर दृष्टि हुनु हो । विभिन्न खानपानले जिवनशैली आदिले गर्दा आँखाको दृष्टि राम्रो या नराम्रो हुन सक्छ । त्यसैले गर्दा आँखाको दृष्टि कमोजोर हुनबाट जोगाउन स्वस्थकर पहेला फलफुल, हरिया साँपात भिटामिन ए युक्त खानाहरु र डक्टरको सरसल्लाह अनुसार खानपानमा ध्यानदिने गर्नाले आँखाको दृष्टि ठिक राख्न सकिन्छ । यसको विपरित आँखाको लापरवाही गर्ने, आँखा मिच्ने जथाभावी औषधीहरु आँखामा हाल्ने डाक्टरको सल्लाहलाई वास्ता नदिनाले, समय समयमा आँखाको चेक जाँच नगर्नाले र अवस्था अनुसार चस्मा नलगाउँदा आँखामा समस्या आई दृटि कमजोर  हुन सक्छ ।

कमजोर दृष्टि भएकाहरुले सामान्यतया ३ मिटरको दुरीमा रहेका वस्तुहरु वा सो दुरीबाट निजको आँखा चेक गर्न हातका औलाहरु हल्लाउँदा पनि ठम्याउन नसक्ने सम्मको हुन्छ । यसरी चेक  गर्दै जाँदा धेरै अन्तिममा धेरै कमजोर आँखा भए टर्च लाइट बालेर सो को ज्योतिको आधारमा प्रतिक्रिया देखाउँछ कि देखाउँदैन भनी आँखाको दृष्टि जाँच गरी अति न्युन वा पुरै नदेखिने के हो भनि यस्तो प्रक्रियाबाट आँखाको दृष्टिको चेक जाँच गरिन्छ । वास्तवमा आँखा मानिसको महत्वपूर्ण अंग हो । यस आँखाले नै राम्रो नराम्रो छुट्याउँछ । सिकाइको सन्दर्भमा पनि हेरेर ठिक  बेठिक छुट्याएर सिकाइ गरिन्छ । यस्तो महत्वपूर्ण अंग

आँखाको दृष्टिमा पछि कमजोरी आउने कारणहरु मध्ये लामो समय सम्म एकोहोरो मोवाइल, ल्यापटप, टि.भि. हेर्नाले आँखामा कमजोरी आउँछ । नेपालमा कोभिड १९ ले गर्दा साना नानीबाबुहरुमा लगातार मोवाइल हेर्ने बानीले गर्दा आँखा कमजोर भएको हुन सक्छ । (कोभिड-१९) वास्तवमा यस्ता कमजोर दृष्टि भएका बालबालिकाले अन्य बालबालिका सरह लेखपढ गर्न सक्दैन । त्यसैले उनीहरुलाई समावेशी सिकाइ गर्नु पर्छ । यस अन्तर्गत उनीहरुलाई उचित बसाइ व्यवस्थापन गरी कक्षाकोठाको अग्र भागमा राखेर शिक्षण गराउनु पर्ने हुन्छ । उनीहरुको रुचि आवश्यकता, क्षमता अनुसार सिकाई गर्नु पर्ने भएको हुँदा सिकाइको लागि समावेशिता कायम गर्नु पर्दछ ।

व्यवहारमा स्थायी परिवर्तन आउनु नै सिकाइ हो । यस्तो कमजोर दृष्टि भएका बालबालिकालाई उनीहरुको रुचि, क्षमता चाहना अनुसार भौतिक र शैक्षिक सिकाई युक्त वातावरण तय गरि सबैलाई एकै ठाउँमा राखेर उनीहरुको आवश्यकता अनुसार ज्ञाल सीप धारण व्यवहार सिकाउने सिकाइ नै समावेशी सिकाइ हो । उनीहरुलाई पाठ्यक्रमको उदेश्य, क्रियाकलाप मूल्याङ्कन अनुसार सिकाइ गराउनु पर्दछ । सम्बन्धित पक्षहरुले आ-आफ्नो दायित्व पूरा गरेको खण्डमा समावेशि सिकाई कायम गरी त्यस्ता बालबालिकाहरुले सिकाई प्राप्त गर्न सक्दछन् । त्यसै हुनाले नेपालमा वि.सं.२०२१ सालबाट अपाङ्ग बालबालिको लागि शिक्षा दिने व्यवस्था भएको पाइन्छ । त्यस्तै २०२६ सालमा नेपालमा अन्ध अपाङ्ग संघको स्थापना भएको पाइन्छ । त्यस्तै रा.शि.प.यो. २०२८ र यी विभिन्न प्रयासबाट सिकाइमा जोड दिएको पाइन्छ । यसरी नियाल्दा शिक्षा सबैको लागि अति आवश्यक भएको हुँदा सबैको वृद्धि विकास तथा शिक्षाबाट मानिसको सर्वाङ्गीण विकासको लागि शिक्षाबाट कुनै पनि अवस्थाको वा दृष्टि कमजोर भएका बालबालिकाहरूको पनि देखाइको कमजोरीले गर्दा शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित हुन नपरोस् भनी प्राथमिक शिक्षालाई अनिवार्य र निःशुल्क गरिएको पाइन्छ । मानिसका लागि अति आवश्यक पर्ने ज्ञान, सीप शिक्षाबाट मात्रै प्राप्त हुने हुँदा सबै प्रकार र अवस्थाका बालबालिकाहरुलाई उपयुक्त हुने समावेशी अवस्था कायम गरी ती सम्बन्धित कमजोर दृष्टि भएका बालबालिकालाई समावेशी सिकाइ गर्नुपर्दछ । जुन राज्यको कर्तव्य हो । यसै सन्दर्भमा एसिया प्रशान्त क्षेत्रको कार्य योजना (२००२) को कार्यान्वयन ढाँचाको प्राथमिक क्षेत्रभित्र तोकिएको लक्ष्यअनुसार सन् २०१५ सम्ममा शत प्रतिशत बालबालिकाहरूले प्राथमिक शिक्षा पाउनुपर्ने उल्लेख गरिएको पाइन्छ तर विभिन्न कारणले गर्दा यस लक्ष्यले पूर्णता पाउने अवस्था देखिन्न (पोखरेल,२०६९) ।

त्यसैगरी नेपालको जनगणना २०५८ को दशौं राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ३१ लाख ५१ हजार ४ २३ रहेकोमा ०.४५ प्रतिशत अपाङ्गता रहेको देखिन्छ । त्यसैगरी २०६८ मा लिएको एघारौं जनगणना अनुसार १.९४ प्रतिशत अपाङ्गता देखिन्छ । यस तथ्याङ्कले अपाङ्गता हुनेको संख्या बढ्दो रुपमा देख्न सकिन्छ । जसले गर्दा ती सम्बन्धित बालबालिकाहरू वा सम्बन्धित पक्षलाई साधारण रुपमा शिक्षा दिनु एक चुनौतीपूर्ण अवस्थाको सिर्जना भएको हुँदा त्यस्ता विभिन्न अपाङ्गता भएका तथा दृष्टि कमजोर भएका हरु का लागि शिक्षा दिनको लागि आवश्यक सम्पूर्ण पूर्वाधार तयार गरी उनीहरूलाई पनि उनीहरूकै सिकाई अवस्था अनुसार सिकाई गरी नेपालमा अपाङ्ग हरुलाई शिक्षा दिने विषयको सुरुवात विक्रम सम्वत २०२१ बाट कीर्तिपुर अन्तर्गत रहेको ल्याब्रेटोरी विद्यालयबाट दृष्टिविहीन विद्यार्थीहरूका लागि एकीकृत तथा समावेशी शिक्षा कार्यक्रमको सुरुवात भएको पाइन्छ ।

शिक्षा प्राप्त गरी जीवनलाई सरल सहज ढङ्ग बाट व्यतीत गर्नको लागि सबै अवस्थाका बालबालिकालाई शिक्षाको मूल प्रभावमा समावेश गर्ने उद्देश्यका साथ बालबालिकाको अवस्था,इच्छा र रुचि आवश्यकता अनुसार सबैलाई समेटेर शिक्षा प्रदान गर्न तथा कमजोर दृष्टि वा अन्धा अपाङ्गहरूलाई शिक्षा प्रदान गर्न छुट्टै ढङ्गको व्यवस्थापनमा जोड दिनपर्ने उल्लेख गरेको पाइन्छ (देवकोटा, २०६०) ।

विभिन्न अवस्थाले गर्दा अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी ढङ्गबाट सिकाई गर्नका लागि छात्रछात्र वृद्धिको व्यवस्था कुनै प्रोत्साहन कार्यक्रम विशेष छात्रवृत्ति तथा लक्षित समूह अन्तर्गतका लागि जस्तै घरदेखि टाढा विद्यालय जान पर्नेलाई साइकल दिएर घर र विद्यालय आवतजावत गर्ने सहज वातावरण गरी विद्यालयको शिक्षामा समावेशी कायम गरेको पाइन्छ । यो समावेशी शिक्षा अन्तर्गतको एक कार्यक्रम हो। जसले गर्दा विभिन्न अवस्थाका बालबालिकाहरूको पनि शिक्षामा अनिवार्य सहभागिता रहोस् भन्ने उद्देश्यले सञ्चालन गरिएका एक प्रभावकारी कार्यक्रम हो । जसले शिक्षामा सुविधा भई समावेशी शिक्षामा पनि उपलब्धि वृद्धिमा सहयोग पुग्ने देखिन्छ ।

यस्ता किसिमका नीतिले कमजोर दृष्टि तथा दृष्टिविहीन बालबालिकाका लागि विभिन्न सेवा सुविधा अन्तर्गत आवास, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, शिक्षण सामग्री तथा उपकरणहरू वितरण गर्ने भने पनि सबै ठाउँमा यस्तो वातावरण तथा व्यवहार देखिँदैन ।शैक्षिक सामग्री

उनीहरूको अवस्था अनुसारको उचित पाठ्यक्रम वा ब्रेनलिपि शिक्षण सामग्री बसाई व्यवस्थापन अनुकूल नभएकोले पनि यस्ता दृष्टि कमजोर वा दृष्टिविहीनहरुलाई शिक्षा प्राप्तमा समस्या रहेको पाइन्छ ।

शिक्षा ऐन २०२८ को संशोधित व्यवस्थामा पनि शिक्षा सेवामा अपाङ्गता भएका बालबालिका तथा व्यक्तिका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको पाइन्छ । यो आरक्षण व्यवस्थाले गर्दा अपाङ्गता भएकाहरूले ५%ले शिक्षक सेवा आयोगबाट शिक्षक पदपूर्ति गर्ने व्यवस्थामा पनि विभिन्न किसिमका अपाङ्गता मध्येबाट ५% लाई समावेशी व्यवस्था अनुसार व्यवस्थापन गरी शिक्षा क्षेत्रमा सहभागी गरेको पाइन्छ ।

त्यसैगरी शिक्षा ऐन २०२८ को निःशुल्क सम्बन्धी व्यवस्था अनुसार कमजोर दृष्टि भएका वा पुरै दृष्टिविहीन बालबालिकाहरूलाई ब्रेनलिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूलाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा दिने व्यवस्था गरिएको छ । हुन त शिक्षा सबैलाई अनिवार्य भने तापनि कतिपय ठाउँमा बालबालिका अहिले पनि शिक्षाबाट वञ्चित भएको पाइन्छ ।

विशेष शिक्षा नीति, (२०५३ )विभिन्न किसिमका अपाङ्गता भएका दृष्टि कमजोर वा पुरै अन्धाहरूलाई पनि बाहिरी आँखा बन्द भएपनि सुनाई  सीप बारम्बारको अभ्यास आदिले सिकाई प्राप्त गर्न सकिने भएको हुँदा सो किसिमका अभ्यासहरू गरी सिकाइमा समावेशिता कायम गरी सिकाई गर्नको लागि विद्यालयको स्रोत साधन प्रयोग गरी उनीहरूको क्षमता अनुसार विभिन्न स्रोत साधनको प्रयोग गरेर सिकाइमा समावेशिता कायम गर्नुपर्दछ ।

विशेष शिक्षा नीति, (२०५३) विभिन्न नीति नियम बनाई विभिन्न अवस्थाको बालबालिकालाई शिक्षाको मूलधारमा समावेश गर्ने भनेता पनि विद्यालयमा विभिन्न भौतिक शैक्षिक मानवीय संसाधनको उचित व्यवस्थापनमा कमजोरी भएको हुँदा अपाङ्ग बालबालिका सिकाई समावेशी सुविधाबाट वञ्चित भएको पाइन्छ । जसले गर्दा ती सम्बन्धित बालबालिकाको जीवन कष्टकर ढङ्गबाट बिताउन बाध्य भएको पाइन्छ । यसरी विभिन्न नीति नियमहरूको व्यवस्था भएतापनि प्रभावकारी रुपमा यस नीति नियमको कार्यान्वयन नभएको हुँदा त्यस्ता कमजोर दृष्टि भएका तथा विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका समावेशी ढङ्गबाट सिकाई कार्यमा सहभागी हुन नसकी शिक्षा प्राप्त गर्न पाउने

नैसर्गिक अधिकारबाट धेरै किसिमका अपाङ्गता वा कमजोर दृष्टि भएका बालबालिका शिक्षाको मूलधारबाट टाढै रहेको पाइन्छ ।

विभिन्न व्यक्ति, संघसंस्था र राज्यले ती दृष्टि कमजोर भएका वा अपाङ्गता भएका विद्यार्थीहरूलाई उनीहरूको अवस्था अनुसार विद्यालयबाट सिकाई प्राप्त गर्ने अवसर उपलब्ध गर्नको लागि उनीहरूको उमेर अनुसार बसाई व्यवस्था, गर्नको लागि त्यस्तै शिक्षकहरूबाट समान व्यवहार प्राप्त गर्न, त्यस्तै बालबालिकाको अवस्था अनुसार पिउनेपानी शौचालयको उचित व्यवस्थापन गरी यी सबै बालबालिकाको अवस्था अनुसार शैक्षिक, भौतिक मानवीय पक्षको ठीक ढङ्गबाट व्यवस्थापन गरी शैक्षिक सुधारका लागि शिक्षक तालिमको लागि समेत व्यवस्था गरेको पाइन्छ । (उच्च शैक्षिक योजना आयोग, २०५५)

## १.२ समस्याको कथन

वास्तवमा सामुदायिक विद्यालयमा कमजोर दृटि भएका बालबालिका संख्या बढ्दो छ । बालबालिकाको पढाइ लेखाईमा भन्दा मोबाइलमा बढी तल्लिन हुँदा र हरिया सागपात भिटामिन ए युक्त खानाको कमी वा रुची कमीको कारणले र समयमा नै उपचारको अभावले दृष्टिमा कमजोर व्यहोर्न पर्दछ । जसको परिणाम स्वरुप पठनपाठनमा कमजोर हुँदै जान्छन् । यस कमजोर दृष्टिले गर्दा सिकाईमा जटिलता आउनाले पढाई विचैमा छोडिदिने, पढाइमा कमजोर हुने हुँदा सिकाई उपलब्धी न्युन हुने र विस्तारै वालवालिकाले विद्यालयमा आउने दरमा कमी गर्दै गई छोड्ने र दोहोऱ्याउने दरमा समेत वृद्धि हुन गई राष्ट्रिय शैक्षिक लगानी अनुत्पादक बन्न सक्छ । त्यसै गरी कमजोर दृष्टि भएकाहरुको सम्बन्धित अभिभावकले समय समयमा आफ्नो बालबालिकाको आँखा जाँच नगराउनु पनि दृटि कमजोर हुनुको एक कारण वा अवस्था हो ।

दृष्टि कमोजर हुनाले सेतोपाटीको सार्न, देख्न कठिनाई पर्ने हुँदा पढाईमा कमजोरी हुने र पढाईमा दिकदारी मानी पढाई छोडी दिने समेत समस्या कमजोरी दृष्टिले निम्त्याउने गर्दछ । अभिभावकको शैक्षिकस्तर, आयआर्जन, बालबालिकाप्रति उत्तरदायित्व, खानपान आदिको कमीले गर्दा पनि कमजोर दृष्टि निम्त्याउने कारण हुन । समय समयमा आँखा जाँच नगर्दा यस्ता कमजोर दृष्टि बालबालिका संख्या बढ्दै जान्छन् । यो पठनपाठनको लागि एक चुनौतीको विषय वस्तु बन्न गइरहेको पाइन्छ ।

जसले गर्दा शैक्षिक क्षेत्रमा ठूलो समस्याको रुपमा देखापरेको पाइन्छ। जुन समस्याको कारणले गर्दा बालबालिका बीचैमा अध्ययन छोड्ने ेहोर्‍याउने दर बढ्न गई शैक्षिक उपलब्धिमा न्यूनताको अवस्था हुन सक्ने पाइन्छ ।

## १.३ अध्ययनको औचित्य

मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा रहेका १८ वटा प्राथमिक तहका विद्यालयहरु मध्ये ३ वटा प्रा.वि.मा रहेका दृष्टि कमजोर भएका बालबालिकाहरुको अवस्था पहिचान गर्न सिकाई क्रियाकलाप कस्तो छ पत्ता लगाउने, निज बालबालिकाको लागि बसाई व्यवस्था सहज भए नभएको पत्ता लगाउने, सिकाईमा आई परेका चुनौती कठिनाईको बारेमा सरोकार सँग प्रतक्ष्य कुराकानी गर्न, सो को समाधान गर्न सिकाईमा प्रयोग भएका श्रव्यदृष्टि सामाग्रीको प्रयोग अवस्था पत्ता लगाउन बसाई व्यवस्थामा के कस्तो छ ? पत्ता लगाउन, बालबालिको समग्र धारणा पत्ता लगाउन, सिकाइमा समावेशिता कायम गर्न सम्बन्धित पक्षसँग छलफल गर्दै सुधारको अपेक्षाका लागि मेरो रुची भएकोले अनुसन्धान गर्नेछु ।

कमजोर दृष्टि भएको वालवालिकाको सिकाई अवस्था बसाइ अवस्था पत्ता लगाइ आवश्यकता अनुसार सुधार गरेर सिकाई अवस्थामा बसाई अवस्थामा समावेसीता कायम गरी ती कमजोर दृष्टि भएकाहरु लाई विद्यालयको पठनपाठन छोड्नबाट जोगाउनु सिकाईमा र वसाइमा सुधार ल्याउनको लागि यसलाई एक अध्ययन विषयमा छनोट गरिको हो ।

## १.४ अध्ययनको उदेश्य

क. कमजोर दुष्टि भएका वालवालिकाको अवस्था पत्ता लगाउन ।

ख. कमजोर दृष्टि भएका वालवालिकाको बसाई अवस्था र सिकाई अवस्थाको लेखाजोखा गर्ने ।

ग. कमजोर दुष्टि भएका वालवालिकाको अवस्था पत्ता लगाइ समस्या समाधान गर्ने उपायहरु खेजी गर्न ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनको लागि सम्बन्धित विद्यालयको कमजोर दृष्टि भएका वालवालिकाको धारणा लिन छुट्टा छुट्टै अनुसन्धानात्मक प्रश्न तयार गरी कमजोर दृष्टि भएका वालवालिकालाई, प्र.अ लाई, अभिभावकलाई र अन्य सम्बन्धित पक्षहरुलाई विभिन्न अनुसन्धानात्मक प्रश्न सोधेर प्रश्नको उत्तर प्राप्त गरी समस्या समाधन गर्न सकिन्छ ।

१. तपाईको विद्यालयमा कमजोर दृष्टि भएकाहरुलाई कसरी पहिचान गर्नु हुन्छ ?

२. कमजोर दृष्टि भएकाहरुलाई कक्षा व्यवस्थापन कसरी गर्नु भएको छ ?

३. सिकाई प्रति कमजोर दृष्टि भएका बालबालिको रुचि, प्रगति के कस्तो रहेको छ ?

४. सिकाइको लागि शिक्षकले तालिम प्राप्त गर्नु भएको छ ?

५. शिक्षण गर्दा के कस्ता कठिनाई पाउनु भएको छ ? यदि छ भने के-के कुरामा कठिनाई पाउनु भएको छ ?

६. बालबालिकाको सिकाईमा देखा परेका मुख्य समस्या के के रहेका छन् ? त्यसलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

समिति साधन स्रोत आर्थिक अवस्था र निश्चित समय सिमाले गर्दा कुनै पनि कार्यक्रम लाई सफलता पुर्वक संचालन गर्न निश्चित सिमाभित्र सिमाङ्कन गरी संचालन गर्नु गर्दछ । भन्ने मान्यताका आधारमा यस अध्ययनलाई मकवानपुर जिल्ला मनहरी गाउँपालिकाका अन्तृगत पर्ने मनहरी वड नं. ६ मा संचापलत श्री जनजाति उत्थान प्राथमिक विद्यालय, श्री प्रगती प्रा.वि. लोथर ६ र वडा नं. ९ मा रहेको श्री ऋषेश्वरी वाल जागृत प्रा. वि. मा गरी जम्मा ३ वटा प्राथमिकतहका विद्यालयमा अध्ययनरत १-५ का वालवालिका, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभवाक, शिक्षक र सरोकारवाला संग मात्र सिमित गरिने छ । यस व्यवस्थापन प्रत्यक्ष भेटघाट अर्न्तवार्ता अवलोकन व्यवस्थापनको वर्तमान अवस्था चुनौति र समाधानको उपायहरुमा यस अध्ययन सिमित रहेने छ ।

## १.७ मुख्य शब्दवाली परिभाषा

सामुदायिक विद्यालयमा

नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने गरी स्वीकृत वा अनुमति प्राप्त विद्यालय नै सामुदायिक विद्यालय हुन । यस विद्यालयको लागि तलवमत्ता, शिक्षक व्यवस्था सरकारबाट गरिन्छ ।

दृष्टिकमजोर बालबालिका

सामान्यतया हेराइमा हुने कमजोरी नै दृष्टि कमजोरी हो यो दृष्टि कमजोर अन्तर्गत म बाट हुने वितिकै वस्तुको आकृति ढम्याउन नसक्ने अवस्था हो ।

कक्षाकोठाको व्यवस्थापन

बालमैत्रि सिकाई तथा समावेशि सिकाईको लागि विभिन्न अवस्था भएका बालबालिकाले सहजैसंग कक्षाकोठामा रहेर बसे सिकाइ प्राप्त गर्न सक्ने कक्षाकोठाको व्यवस्थापन भएको अवस्था हो ।

प्राथमिक विद्यालय

नेपाल सरकारले सम्पूर्ण खर्च बेहोर्ने गरी समुदायमा सञ्चालित कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालनमा आएको स्वीकृत प्राप्त वा अप्राप्त गरी सञ्चालनमा रहेको विद्यालय भन्ने सम्झनुपर्छ ।

अभिभावक

विद्यार्थीको आमा, बा, दाजु दिदी, हजुरबुवा हजुरआमा, काका, काकी नाता सम्बन्ध भएको विद्यार्थीको आफन्त त्यस विद्यार्थीको अभिभावक हो। भन्ने बुझ्नुपर्दछ ।

विद्यालय व्यवस्थापन समिति

विद्यालयको शैक्षिक भौतिक वातावरण ठिक ढङ्गबाट सञ्चालन गर्नको लागि अभिभावकहरुबाट छनोट भई आएका समूह विद्यालय व्यवस्थापन समिति हो । भन्ने बुझ्नुपर्छ ।

शिक्षक

विद्यालयमा शिक्षण सिकाई प्रक्रियामा सहजीकरण गर्ने व्यक्ति शिक्षक हो भन्ने सम्झनुपर्छ ।

सरोकारवाला पक्ष

विद्यालय हितको लागि सहयोग गर्ने व्यक्ति, समूह र निकाय हो भन्ने बुझ्नुपर्दछ ।

निरीक्षण

विद्यालय सुपरिवेक्षण वा अनुगमन गर्न अधिकार प्राप्त व्यक्ति भन्ने बुझ्नुपर्दछ ।

सिकाई

तालिम र अनुभवबाट व्यवहारमा आउने परिवर्तन हो भन्ने सम्झनुपर्दछ ।

समावेशिता

सामाजिक, आर्थिक, जातीय, लैङ्गिक, भौगोलिक, अपाङ्गता, सीमान्तकृत आदिलाई उनीहरूकै रुचि क्षमता चाहना सिकाई गतिको आधारमा शैक्षिक, भौतिक, मानवीय पक्षको सन्तुलनमा सम्बन्धित व्यक्ति वा समूहलाई दिने शिक्षा हो भन्ने सम्झनुपर्दछ ।

मूल्याङ्कन

सिकाई वा गराएपछि सम्बन्धित ज्ञान, सिप बुझे वा बुझेनन् भनी लेखाजोखा गर्ने काम भन्ने सम्झनुपर्दछ ।

कार्यान्वयन

आफूलाई दिएको निर्देशन उचित रुपमा पालना गर्ने कार्य अथवा शैक्षिक योजना अनुरूप गरिने कार्य कार्यान्वयन हो भने बुझ्नुपर्दछ ।

प्रधानाध्यापक

विद्यालयको शिक्षकहरूमध्येबाट छनोट भएको विद्यालयको समग्र पक्षको नेतृत्व गर्न सक्ने अगुवा शिक्षक हो भन्ने सम्झनुपर्दछ । जसलाई छोटकरीमा प्र. अ. पनि भनिन्छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पूनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान कार्यमा अनुसन्धानको बिषय बस्तु छनौट गर्ने सो अनुसन्धानलाई ठिक ढंगबाट गतिशिल गर्ने र निष्कर्षमा पुऱ्याउने कार्य सैद्धान्तिक साहित्यको पुनरावलोकनले गर्दछ । अनुसन्धान कर्ताले नयाँ-नयाँ तथ्य, ज्ञान र सिद्धान्त प्रतिपादन गर्नुपर्ने भएकोले उसले छनोट गरेको क्षेत्र र समस्यामा रहेको पहिल्लै कसले अध्ययन गरे वा नगरेको निक्यौंल गर्न पनि सम्बन्धित साहित्यको पुनरावलोकन आवश्यक हुन्छ । अध्ययनको बिषय बस्तुसँग सम्बन्धित पुर्व स्थापित सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिदा अनुसन्धान कर्ताले बिषय वस्तुमा गहिरो ज्ञान र दक्षता हासिल गर्न सकिन्छ । त्यसैले अध्ययन सगं सम्बन्धित साहित्यको पुनरावलोकन गरीएको छ ।

### २.१ नीतिगत प्रावधान

कमजोर दृष्टि भएका बालबालिकालाई समावेशि ढंगबाट कसरी सिकाई गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित भई कक्षाकोठामा आवश्यक शैक्षिक, भौतिक पक्षहरुको व्यवस्थापन गरी सिकाइ गर्ने नीतिगत प्रावधान गर्नु पर्छ । त्यसैले यस्ता बालबालिकाको रुचि, क्षमता चाहना समस्या अनुसार बसाइ व्यवस्थापन समावेशी ढंगबाट शिक्षण सिकाई गरी सिकाइ अवस्थामा गुणस्तर ल्याउन समावेशी शिक्षा नीति २०७३ ले मुलकुभर कमजोर दृष्टि भएकाहरुका लागि तथा अपाङ्गहरुका लागि विशेष विद्यालय, समावेशि वा एकिकृत विद्यालय संचालन गरेको पाइन्छ । सिकाईलाई गुणस्तयुक्त गर्ने भनि संचालन गरिएका विभिन्न विद्यालयहरु प्रभावकारी ढंगबाट संचालन भएको पाइदैन । कतिपय विद्यालयले अपाङ्गको लागि शिक्षा दिए पनि कतिपय विद्यालय व्यवस्थित भएको पाइदैन । जहाँ शैक्षिक सामाग्री तालिम प्राप्त शिक्षकको अभाव रहेको पाइन्छ । ती कमजोर दृष्टि भएका बालबालिकालाई तथा अपाङ्गलाई ३ घण्टाको परीक्षामा १:३० मिनेट समय थप गराउन सकिने व्यवस्था रहेको छ (शिक्षा नियमावली, २०४९) ।

ती बालबालिकालाई विभिन्न सुविधा दिइ सहज रुपमा शैक्षिक क्रियाकलापमा सहभागी भई शिक्षामा सबैका सहभागीताको सुनिश्चित गर्नको लागि छात्रवृति निशुल्क पाठ्यपुस्तक, शिक्षण सामाग्री वितरण गरेको पाइन्छ (शिक्षा नीति, २०७३) ।

अनुसार समावेशी पाठ्यक्रम प्रारुप २०६३ शिक्षा नियमावलीले पनि यस्ता कमजोर दृष्टि भएका अपाङ्गताहरुलाई श्रव्यदृश्य सामाग्रीको मद्दतबाट सिकाई गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ । विभिन्न बाल ऐन पोस्टमा १९९२ को प्रावधानमा उल्लेखित सेवा सुविधा आदिलाई कार्यान्वयनको मार्गमा अगाडि बढाउँदै एक आपसमा आत्मीयता तथा एकअर्कामा मानव सम्बन्ध सहयोग सद्भाव कायम गर्दै यस्ता कमजोर दृष्टि भएकाहरूलाई उनीहरूको सिकाइमा सहजता तथा समावेशिता कायम गर्नको लागि  Meryo १८८० मानव सम्बन्ध सिद्धान्त अवलम्बन गरेर एकआपसमा मानव बीच राम्रो सम्बन्ध कायम गरेर मानव सम्बन्ध सिद्धान्त प्रवर्तनका रूपमा मानिन्छ । Agramal,२००६ मानव सम्बन्ध सिद्धान्तले मानिसबीच सोचाइ व्यवहार प्रवृत्ति तथा अर्को मानिससँग कस्तो कसरी व्यवहार गर्दछ त्यसैले नै मानिस मानिस बीच एक आपसमा सम्बन्ध निर्भर भएको पाइन्छ । यस अन्तर्गत मानिसको व्यक्तिगत गुण मानवीयता र मनोवैज्ञानिकता आदि गुणले एकआपसको सम्बन्ध कस्तो रहन्छ भन्ने निर्धारण गर्दछ मानिसको मानवियता गुणलाई बुझेर सो अनुसार सम्बन्धित पक्षसँग व्यवहार गर्दा एक आपसमा प्रभावकारी सम्बन्ध कायम हुन आई सुमधुर सम्बन्ध कायम हुन्छ । यसरी मानव सम्बन्ध कायम राखी ती दृष्टि कमजोर भएका बालबालिकालाई हौसला दिएर हामी पनि केही गर्न सक्छौं भन्ने मानवीय सोचको विकास गर्ने वातावरण दिए मानिसलाई मानिस जस्तो व्यवहार गरी त्यस्ता अशक्त बालबालिकालाई समावेशी ढङ्गबाट सिकाई गरी उद्देश्य पूरा गर्नुपर्दछ यसरी त्यस्ता कमजोर दृष्टि भएका बालबालिकासँग सकारात्मक व्यवहारका साथ समावेशी ढंगबाट सिकाइ गरी थप मानवीय सम्बन्ध कायम राख्न सकिन्छ भन्ने मानव सम्बन्ध सिद्धान्तको सार हो । जुन सिकाइको लागि अति महत्वपूर्ण छ (कोइराला, २०६६) ।

BF skinner, १९०४ कुनै पनि सिकाइको लागि पटकपटक अभ्यास गराउनुपर्दछ। पटकपटक अभ्यासबाट दिगो धारणा बस्छ यसले यस सिद्धान्तले सिक्ने र सिकाउने कार्यमा जोड दिन्छ । व्यवहार परिवर्तनमा जोड दिन्छ सिकाइबाट व्यवहार परिवर्तन हुने हुँदा जस्तोसुकै शारीरिक मानसिक अवस्थाको विद्यार्थी भएता पनि ती सम्बन्धित बालबालिका लाई सिकाई कार्यमा जोड दिई निजहरूको व्यवहारमा परिवर्तन ल्याउनु नै वास्तविक सिकाई भएको हुँदा त्यस्ता दृष्टि कमजोर बालबालिकालाई पनि पटकपटक सिकाई अभ्यास गराएर व्यवहारमा परिवर्तन ल्याउनको लागि अन्य बालबालिकालाई जस्तो सहज नभएको हुँदा उनीहरूको सिकाई सहतालाई ध्यान दिएर भौतिक शैक्षिक र मनोवैज्ञानिक रुपमा आवश्यक वातावरण

तय गरेर सिकाई गरेको खण्डमा यस्ता दृष्टि कमजोर भएका बालबालिकाले पनि सुविधा र निरन्तरता अभ्यासको परिणाम स्वरूप प्राप्त गर्दछ जुन सिकाइको लागि समावेशी ताको अवस्थाले सहयोग गर्दछ यसरी सिकाइमा दिगो परिवर्तन ल्याउन वातावरणीय भूमिका खेल्ने पक्षलाई पुनर्बल भनिन्छ । यस्ता कमजोर सिकाई भएका बालबालिकालाई पुनर्बलले गर्दा रुचि तत्परता बढाई सिकाई दिगो र प्रभावकारी बनाउन सहयोग गरी समावेशी रुपबाट सिकाई गर्न सहयोग गर्दछ । जुन कमजोर दृष्टि भएका बालबालिकाहरू हामीले के गर्न सक्छौं र भनी कमजोर मानसिकता पालेका बालबालिकालाई हौसला स्वरूप उनीहरुले राम्रो सिकाई गर्दा निज विद्यार्थीहरुलाई तुरुन्त पुनर्बल प्रदान गर्दाले हामी पनि केही सिक्न गर्न सक्छौं भन्ने आत्मबल बढ्छ । त्यसैले कमजोर दृष्टि भएका वा विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकालाई पनि सकारात्मक संकेत वा ठिक छ ठिक छ राम्रो राम्रो भन्ने जस्ता सकारात्मकता व्यक्त गर्दा सिकाईप्रति अभिप्रेरित भई ती कमजोर दृष्टि भएका बालबालिकाले पनि अरु बालबालिकासँगै सिकाई प्राप्त गरिरहेको हुन्छ । त्यसैले सिकाइको लागि दबिएको इच्छा शक्तिलाई उजागर गरेर इच्छा चाहना क्षमता अनुसारको अनुकूल वातावरण तय गरेर सिकाइमा देखा परेको तत्परता अनुसार सिकाउने विषयवस्तुको निर्धारण गर्नुपर्छ (खनाल, २०६६) ।

Federic wisho tailer son, १९१५ देखि १९५६ त्यस्तैगरी डिस्ट्रिक्ट कमजोर भएका बालबालिकाहरूलाई पनि प्रभावकारी ढङ्गबाट सिकाइ गर्नको लागि सिकाईयुक्त वातावरण तय गरी ती कमजोर बालबालिकाहरूको रुचि क्षमता चाहना सिकाई गति अनुसार आवश्यक कक्षा कोठाको सिकाई वातावरण तय गरी वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार विद्यालयको सरोकारवाला पक्षहरू जस्तै प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्ष शिक्षक कर्मचारी अभिभावक आदि सबैको बीचमा आत्मीय व्यवहार सहयोग सम्बन्ध कायम गरेर ती अपाङ्गता भएका बालबालिकाको सिकाइको लागि समावेशी वातावरण तय गरेर सिकाइ गर्न सकिने हुनुपर्छ जसको लागि विद्यालयमा समावेशी अवस्थाको सिकाई गर्न विद्यालयको आवश्यक योजना निर्माण गरी मानवीय र भौतिक स्रोत साधनको परिचालनबाट समावेशी सिकाइको उद्देश्य पूरा गर्न यस्ता किसिमका तरिकाहरू विद्यालय व्यवस्थापनले अपनाउनुपर्ने हुन्छ । यसरी विद्यालयमा वैज्ञानिक ढङ्गबाट योजना निर्माण गर्न सहयोग गरी समावेशी सिकाइको लागि आवश्यक पक्षहरूको तथा भौतिक मानवीय आदि स्रोत साधनको संकलन परिचालन कार्यान्वयन मूल्याङ्कन गरी ठिक ठाउँमा ठिक जनशक्तिको

प्रयोग गरी निजहरुलाई आवश्यक तालिममा सहयोग गर्ने भएकोले यो भौतिक मानवीय पक्ष जुटाउने तरिका वा सिद्धान्तलाई आत्मसाथ गर्नुपर्छ (कोइराला र श्रेष्ठ, २०६६) ।

यसरी कमजोर दृष्टि भएका अरु पनि भौतिक रुपमा आँखाको हेराई क्षमतामा कमजोरी भएता पनि त्यस्ता व्यक्तिहरू बौद्धिक रुपमा उच्च पनि हुन सक्छन् त्यसैले उनीहरुको आफ्नै अनुभव सीप क्षमता हुने हुँदा सो अनुसारको उनीहरूको ज्ञान सीप क्षमता अनुसार आवश्यक स्थानमा भूमिका बहन गर्न दिइ उनीहरुको बौद्धिकतालाई ध्यान दिएर दृष्टि कमजोर भएतापनि बौद्धिकताको आधारमा राज्यले आरक्षण कोटा निर्धारण गरी राज्यप्रति आफ्नो भूमिका निर्वाह गर्नको लागि साथै त्यस्ता दृष्टि कमजोर भएका अपाङ्गता भएकाहरूलाई समावेशिताको अवसर उपलब्ध गराई सबल सक्षम ढंगबाट ज्ञानसिप प्राप्त गरी राज्यको कुनै पनि स्थानमा समावेश हुन सक्ने प्रावधान यस समावेशी शिक्षाले प्रदान गरेको देखिन्छ जसले दृष्टि कमजोर भएका तथा अपाङ्गताहरूको बहुमुखी खुबीको विकास गर्न समेत यस समावेशी शिक्षाले सहयोग गर्ने देखिन्छ ।

## २.२ सम्बधित साहित्यको पुनरावलोकन

पहिले-पहिलेका विभिन्न लेख रचना कार्य पत्रहरु प्राकशित विभिन्न पत्रपत्रिकाहरु सोध पत्ररुलाई आफ्नो अनुसन्धानको विशेष सुहोउँदो छनौट गरी अनुसन्धानको विषयवस्तु छनौट गर्न र ठिक ढंगबाट सम्बन्धित लेख, रचना, पत्रपत्रिका शोधकार्य आदिको अध्ययन गर्नु नै सम्बन्धित साहित्यको पुनरावलोनकन हो । यस्तो सम्बन्धित साहित्यको पुनरावलोकनले गर्दा अनुसन्धान शिर्षकको छनौट गरी सो शीर्षक अनुसार ठिक ढंगले अनुसन्धान कार्यलाई गतिशिलता प्रदान गर्न सहयोग गर्दछ । जसले गर्दा समयानुसारको जल्दो बल्दो समस्याको विषयमा अनुसन्धान गरी समस्या समाधान गर्नमा सहयोग गर्दछ । अनुसन्धानको लागि मार्गदशर्न प्रदान गरी समयको समेत वचत गरी अनुसन्धानलाई ठिक ढंगबाट पुरा गर्न केन्द्रित रहने देखिन्छ । त्यसैले यस कमजोर दृष्टि सम्बन्धि साहित्यको पुनरावलोकन गरी आफ्नो अनुसन्धान कार्यलाई अगाडि बढाउने सोच राखेको छु । यस अध्ययन अन्तर्गत समावेशी शिक्षा नीति २०७३, त्यस्तै समावेशी पाठ्यक्रम प्रारुप २०६३ ले विभिन्न खालको अपाङ्ग बालबालिका तथा कमजोर दृष्टि भएका बालबालिकाहरुलाई शिक्षामा समावेशिता कायम गरी सिकाईमा गुणस्तर ल्याउन जोड दिएता पनि व्यवहारिक रुपमा पाठ्यक्रममा समावेशी पद्धति पूर्ण रुपमा लागु हुन नसकेको कारणले अझै पनि सामाजिक, धार्मिक,

आर्थिक, भौगोलिक अवस्थाले समावेशितामा सामेल हुन नसकेको हुँदा प्राथमिक तहमा झण्डै ७% प्राथमिक उमेर समुहका बालबालिका विद्यालय बाहिर छन्

(स्रोत समसामयिक शैक्षिक मुद्दाहरु एम.एड. चौथो सेमेस्टर प्राध्यापक होमनाथ भटराई उप प्राध्यापक कृष्ण बहादुर जि.सि.) ।

विशेष शिक्षा नीति २०५३ अन्तर्गत कमजोर दृष्टि भएका तथा दृष्टि विहिन बालबालिकाहरुको लागि चाहिने विभिन्न सुविधाहरु व्यवस्था हुन पर्ने भनिएको पाइन्छ । वास्तवमा उल्लेखित नीति अवस्थाले कमजोर दृष्टि भएका बालबालिकालाई विभिन्न सुविधाको व्यवस्था गर्नु पर्ने उल्लेख भएता पनि सबै ठाउँमा सबै कुराको व्यवस्था भएको देखिदैन। ती बालबालिकाहरु विभिन्न सुविधाबाट बन्चित भइ सिकाइमा मध्यम ढंगबाट आफ्नो सिकाइलाई अगाडि बढाएको देखिन्छ । अतः नीति नियम मात्र बनाएर हुदैन । त्यसलाई प्रभावकारी ढंगबाट समाधान गर्नु पर्ने देखिन्छ । त्यपछि मात्र कमजोर दृष्टि भएकाहरु पनि सिकाइमा गुणस्तरता कायम गर्न सक्दछन् । जसको लागि विद्यालयमा सर्वपक्षीय रुपमा सबैले प्राथमिकता दिनु पर्ने देखिन्छ ।

भट्टराई, (२०६१) विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि विद्यालयमा भौतिक पक्ष अन्तर्गत पर्याप्त कक्षा कोठा सो कक्षा कोठा सिकाईमैत्री हुनुपर्दछ । त्यसैगरी पिउनेपानी, शौचालय खेलमैदान कक्षामा आवतजावत गर्ने बाटो अपाङ्ग मैत्री हुनुपर्दछ । बालबालिकाले भौतिक सुविधामा कुनै कमी भएको महसुस नगरी सबै प्रकारका बालबालिकाले आफ्नो सिकाई गति अनुसार एउटै कक्षाकोठा भित्र रहेर सिकाई प्राप्त गर्ने अवस्था समावेशी सिकाई वातावरणले तय गर्दछ तर अधिकांश आधारभूत विद्यालयको कक्षा कोठामा उमेर अनुसारको व्यवस्थापनको लागि डेक्सबेन्च वा भुइखाटको अभाव विद्यालयमा देखिन्छ । आर्थिक स्रोतको अभाव विभिन्न संघसस्थाले आर्थिक सहयोगमा निरन्तरता नदिनु आदि रहेका छन् । विभिन्न संघसंस्थाबाट प्राप्त हुने आर्थिक अवस्थामा निरन्तरता नपाउनु कमजोर दृष्टि भएकालाई शिक्षण सिकाई गर्ने पाठ्यक्रम नभएको पाइएको हुँदा नीतिगत र कानुनी सुधार गर्नुपर्ने देखिन्छ ।

बरुवाल, (२०५६) दृष्टि कमजोर भएका बालबालिकाको समावेशी ढङ्गबाट शिक्षण सिकाइको लागि शैक्षिक सामग्रीको अति आवश्यक पर्दछ । एक त उनीहरूले सजिलै सिकाइ गर्न नसकिने हुँदा निजहरूलाई शैक्षिक सामग्रीहरूको उचित प्रयोगबाट शिक्षण गराउँदा ती

कमजोर दृष्टि भएकाहरूको सिकाइमा सुधार आई सिकाई क्षमता बढाउँछ । जसको लागि उचित ढङ्गबाट शिक्षकहरूले पनि सही सामग्रीको प्रयोग गर्न तालिम मार्फत सीप प्राप्त गरेको हुनुपर्दछ भनाइले मात्रै प्रष्ट सिकाइ गर्न नसकिएका र नसकिने खालका विषयवस्तुहरुलाई श्रव्य दृश्य र टेप रेकर्डको रुपमा र उनीहरूको लागि लक्षित गरेर बनेको विभिन्न सम्बन्धित शैक्षिक सामग्री प्रयोग गरी ती विद्यार्थी र शिक्षकको सिकाई सम्बन्ध राम्रो गर्न सकिन्छ ।

(खड्का, २०६९) समावेशी सिकाइलाई प्रभावकारी बनाउनको लागि विद्यालयमा प्रधानाध्यापकको साथै अन्य पक्षको महत्वपूर्ण भूमिका हुन्छ । जस्तै विद्यालयको भौतिक, आर्थिक मानव संसाधनको व्यवस्थापन गर्न सबैको साथ सहयोगको खाँचो पर्दछ । तर विद्यालयमा यी स्रोत साधन कायम गराउन प्रशासनिक रुपले मुख्य भूमिका निर्वाह गर्ने भनेको प्रधानाध्यापक नै भएको हुँदा यी आवश्यक पछिको जोहो गरी समावेशी सिकाइमा जोड दिनपर्ने देखिन्छ । जसको लागि सम्बन्धित पक्षसँग भेटघाट गर्ने त्यस्तै शिक्षकलाई तालिमको व्यवस्था गर्ने, समावेशी सिकाइको गुणस्तरमा वृद्धि गर्ने, आफै पनि सिकाइमा सरिक रहने गरी प्रत्यक्ष रुपमा विभिन्न समस्याहरूसँग सामना गर्दै कक्षा व्यवस्थापन गरी समावेशी शिक्षणमा लागि पर्न पर्ने हुँदा यो एक आफैमा कठिन कार्य पनि हो । यसका साथसाथै आवश्यकता अनुसार अनुगमन सुपरिवेक्षण छलफल एक आपसमा भेटघाट आवश्यकता अनुसार नभएको, मुख्य रूपमा शैक्षिक भौतिक वातावरणमा विशेष जोड दिनपर्ने रहेको पाइयो । यसरी कमजोर दृष्टि भएकाहरुलाई समावेशी ढङ्गबाट सिकाई गर्नको लागि उनीहरूको सिकाई अवस्था क्षमतालाई अन्तरदृष्टि पूर्ण सिकाई सिद्धान्तमा आधारित रहेर उनीहरूको सोचाई, क्षमता र ज्ञान सूक्ष्म दृष्टि कोणलाई सिकाइको मुख्य आधार मानेर सो अनुसार आवश्यक योजना निर्माण गरेर, निर्देशन दिई मुख्य रुपमा ती दृष्टि कमजोर भएका बालबालिकाको सिकाई अवस्थालाई अन्तरदृष्टिपूर्ण सिकाई सिद्धान्तमा आधारित गरेर सिकाइलाई समावेशिता कायम गर्न सकिन्छ । अन्तरदृष्टिपूर्ण सिकाई सिद्धान्त (१९१२) (शर्मा एण्ड शर्मा, २०५८) ।

**२.३ सिकाइमा समावेशिताको अवस्थाको उपादेयता :**

गतिशीलता, परिवर्तनशीलता र निरन्तरताले शैक्षिक समावेशिताको लागि आवश्यक पक्षलाई प्रभावकारी गरिरहेको हुन्छ । शैक्षिक लक्ष्य तथा उद्देश्य पूरा गर्न योजना बनाउने संगठन

गर्ने समन्वय गर्ने सञ्चार गर्ने नियन्त्रण गर्ने जस्ता कार्यहरू शैक्षिक समावेशीमा चलिरहन्छ ।

विद्यालयको मुख्य पक्षहरू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक, अभिभावक, विद्यार्थी, शिक्षकहरू आदि भएकोले उनीहरूको विद्यालयप्रति जिम्मेवारी सिकाइमा समावेशिता कायम गरी सबै प्रकारका र अवस्थाका बालबालिकाको लागि शिक्षा प्रदान गर्न विद्यालयमा आवश्यक मार्ग पहिल्याउने र सो अनुसार कार्यान्वयन गर्न गराउन लागि पर्नुपर्दछ ।

कुनै पनि शोधकार्यलाई उद्देश्यमूलक ढङ्गबाट सफलतापूर्वक निष्कर्षमा पुऱ्याउनको लागि व्यवहारिक कुराहरूलाई आत्मसाथ गर्दै शोलाई सैद्धान्तिक रुपमा विश्लेषण गर्नु सान्दर्भिक हुन जान्छ । मैले छनोट गरेको सैद्धान्तिक खाकाहरूको अध्ययनबाट मेरो यो शोध कार्यलाई सैद्धान्तिक आधारबाट विश्लेषण गर्न मार्गदर्शन गर्न सहयोग पुगेको छ । सिकाई समावेशिता को लागि अझै प्रभावकारी बनाउन कक्षा कोठाको भौतिक स्रोत र मानवीय संसाधन वा मानवीय जनशक्तिको विषयमा शोधकार्य गर्न सकिन्छ । साथै यस सिकाई समावेशिताको उपाधेयताहरू

१. सिकाइमा सबै प्रकारका बालबालिकालाई सँगै राखेर सिकाइ गर्न मद्दत गर्छ ।

२. कमजोर दृष्टि भएका बालबालिकाले पनि आफै सिक्ने शैक्षिक वातावरण प्राप्त गर्छन ।

३. रुचि, क्षमता, आवश्यकता, इच्छा अनुसार सिकाई गर्न सकिन्छ ।

४. विभिन्न समस्याहरु पहिचान गरि समस्याको बाटो पहिल्याउन सकिन्छ ।

५. ती विभिन्न कमजोर बालबालिकाको सिकाइ अवस्था पत्ता लगाउन सकिन्छ ।

६. विभिन्न शैक्षिक सामाग्रीहरुको प्रयोग गरि सुधारात्मक सिकाइ गर्न सकिन्छ ।

# परिच्छेद ३

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

शिक्षा क्षेत्रसँग सम्बन्धित अनुसन्धानलाई शैक्षिक अनुसन्धान भनिन्छ । लोकेश कौलका अनुसार, यस अनुसन्धानले शिक्षा क्षेत्रमा आउने समस्यालाई वैज्ञानिक ढंगबाट विभिन्न विधि प्रक्रियाको अवलम्बन गरी समस्यालाई समाधान गर्न सहयोग गर्दछ । शिक्षा शिक्षा क्षेत्रमा आउनसक्ने विभिन्न फितलोपनलाई समयमा नै समाधान गर्न सहयोग गर्दछ । यस शैक्षिक अनुसन्धानले गर्दा शिक्षालाई व्यवस्थित बनाउन सहयोग गर्दछ । जसले गर्दा शिक्षालाई देश परिस्थिति अनुसार दक्ष जनशक्ति उत्पादन गर्न सक्ने मानव संसाधनको निर्माण गर्नमा ठूलो सहयोग गर्दछ । यस अनुसन्धानले शिक्षण सिकाई के कसरी गरी व्यवस्थित गर्न सकिन्छ भनी विभिन्न सिकाइ गर्ने विधि प्रक्रिया अवलम्बन गर्न सहयोग गरी आवश्यक विधि प्रक्रिया अवलम्बन गरी शिक्षा क्षेत्रमा नयाँ आयाम थप्न सहयोग गर्दछ । जसले शिक्षण सिकाई प्रक्रियालाई मापन योग्य बनाई शिक्षामा सुधार ल्याई शैक्षिक अवस्थालाई ठिक ढङ्गबाट व्यवस्थापन गरी गुणस्तरीय शिक्षण गर्न सहयोग गर्दछ ।

अनुसन्धानलाई सफलतापूवृक समाप्त गर्नको लागि विधि योजना र ढाँचा विधि बढाउन आवश्यक छ । अनुसन्धानको लागि आवश्यक तथ्याङ्क संकलनका लागि सोधिने प्रश्न र ती प्रश्नको विश्लेषण आदि सबै कुरा व्यवस्थित र क्रमबद्ध तरीकाले गर्नु पर्ने हुन्छ । जसलाई अनुसन्धान विधि मानिन्छ । अनुसन्धान प्रश्नावली, अवलोकन अर्न्तवार्ता जस्ता साधनको उपयोग गरी अन्य सांकेतिक व्यवाहारसंग सम्बन्धित तथ्याङ्क संकलन गरी गुणात्मक रुपमा अघि बढाउने छ । यी साधनको प्रयोग गरी संकलन गरिएका शाब्दिक स्वरुप तथ्याङ्कलाई व्याख्यात्मक रुपमा विश्लेषण गरी ठोस निष्कर्षमा पुऱ्याइने छ । सुचना दाताले दिएको प्रतिक्रियालाई जस्ताको त्यस्तै राखिएको संख्याात्मक गरेर गुणात्मक रुपमा अनुसन्धान गरिने छ । यो अनुसन्धान विवारणात्मक अनुसन्धान अर्न्तगत सबै ढाँचा आधारित हुने छ । यस अनुसन्धान सामुदायिक विद्यालयमा अध्ययनरत आखाँको दृष्टि कमजोर भएका वालवालि पत्ता लगाउने सिकाई  अवस्था पत्ता लगाउने र उनस्हरुको लागि कक्षा व्यवस्थापन भई समावेयीता भए नभएको अवस्था पत्ता लगाउनको लागि मनहरी गाँउपालिका भित्र रहेको प्राथमिक तहका वडा नं. ६ र ९ का श्री जनजाति उत्थान प्रा.वि,

श्री ऋषेश्वर वाल जागृति प्रा.वि र प्रगति राष्ट्रिय प्रा.वि ६ लोयर नामक ३ वटा विद्यालयमा अध्ययनतर कमजोर दृष्टि भएका बालबालिका पत्तालगाई सम्बन्धि त शिक्षक, प्रधानाध्यानक विद्यालय व्यवस्थापन समिति र सम्बन्धित बालबालिकालाई प्रश्न सोधि प्रश्नको उत्तरलाई मुख्य तथ्याङ्कको रुपमा लिई त्यसलाई व्याख्या गरिने छ । पुर्व निर्मित प्रश्न सोधि तिनबाट प्राप्त तथ्याङ्कलाई समेट्ने प्रयास गरिने छ ।

यस प्राथमिक स्रोत अन्तर्गत तथ्याङ्क सङ्कलन गर्दा अपनाएका साधनहरूमा यसलाई बोल्ड गर्ने लक्षित समूह छलफल पनि एक हो । यस लक्षित समूह अन्तर्गत प्रधानाध्यापक जम्मा तीन जना शिक्षक जम्मा छ जना अभिभावक जम्मा ६ जना विद्यार्थी छ जना विद्यालय व्यवस्थापन गरी जम्मा २४ जनालाई एक लक्षित समूहको रुपमा लिई निजहरूसँग अन्तर्वार्ता र सम्बन्धित आवश्यक फारम भर्न लगाएर उनीहरूको कमजोर दृष्टि भएकाहरूलाई सिकाइमा समावेशीता कायम भएको अवस्था र आगामी दिनमा थप सुधार गर्नुपर्ने विषयवस्तुको बारेमा गहन रुपमा छलफल गरी अन्तर्वार्ता र फारम भर्ने तथा निजहरूको धारणा प्राप्त गर्ने गरेर ती लक्षित समूहको धारणालाई समग्र रुपमा साझा धारणाको रुपमा प्राप्त गरी सो अनुसार प्राथमिक स्रोत अन्तर्गतको तथ्याङ्क प्राप्त गरियो ।

## ३.२ जनसंख्या तथा नमुना छनोट

यस अध्ययनका लागि मकवानपुर जिल्लाको मनकरी गाँउपालिका वडा नं. ६ र ९ मा पर्ने सामुदायिक प्राथमिक तहमा अध्ययनतर कमजोर दृष्टि भएका वालवालिकाको चौतर्की विकासमा तथा सिकाईको लागि कक्षा व्यवस्थापन गरी समावेशीताको लागि ती ३ वटा प्राथमिक विद्यालयहरुका १३ जना शिक्षक, ३ जना प्राधानाध्यापक, ३ जना वि.व्य.स. अध्यक्ष, २/२ शिक्षक, २/२ जना अभिभावक, २/२ जान वालवालिका, गरि जम्मा २४ जनाको समुहलाई अध्ययनको जनसंख्याको रुपका लिइने र उदेश्यमुलक नमुना छनोट विधि बाट छनोट गरिने छ ।

## ३.३ तथ्याङ्क संकलनका स्रोतहरु

तथ्याङ्क संकलनका विभिन्न माध्यम, तरिका र स्रोतबाट तथ्याङ्क संकलन गरिन्छ । यो तथ्याङ्क संकलन कार्य महत्वपूर्ण जटिल कार्य हो । यो तथ्याङ्क संकलन कार्य प्रमुख्य कार्य हो । यस तथ्याङ्क संकलन कार्यलाई व्यवहारीक र व्यवस्थित बनाउन सकेको खण्डमा

अनुसन्धानको लागि तथ्याङ्क संकलन प्राथमिक र हितिम गरी २ वटा स्रोतबाट तथ्याङ्क संकलन गरिने छ ।

### ३.३.१. प्राथमिाक स्रोतहरु

यस अनुसन्धानको लागि प्रत्यक्ष रुपमा आवश्यक तथ्याङ्क उपलब्ध गराउने स्रोतहरु नै प्राथमिक स्रोत हुन् । अनुसन्धाना कर्ता नै आफै सक्रिय सहभागी भै अनुसन्धानामा प्रत्यक्ष सहयोग पुऱ्याउदँछ । प्राथमिक स्रोतबाट संकलन गरिएका तथ्याङ्क अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा गरिएको हुनाले तथ्याङ्क विश्वासनिम र वैद्य हुन्छ । यसमा प्रत्यक्ष रुपमा अनुसन्धान कर्ता र नमुना छनोटमा परेका व्यक्ति सहभागिता छलफल र अन्तरक्रिया हुने हुनाले निजबाट प्राप्त तथ्याङ्क नै वास्तविक तथ्याङ्क हुन्छ । यस अध्ययनमा अनुसन्धनकर्ता स्वयम् छनौटमा परेका सामुदायिक विद्यालयहरुलाई अवलोकन फारम, प्रश्नावली, अन्तरवार्ता र छलफल गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.३.२. द्वितिय स्रोतहरु

अनुसन्धान एक व्यवस्थित कार्य हो । कतिपय अनुसन्धानहरु प्राथमिक स्रोतको आधारमा मात्र पुरा गर्नु गाह्रो हुन्छ भने यस्ता अवस्थामा द्वितिय स्रोतको पनि प्रयोग गर्न पर्ने हुन्छ । अनुसन्धानका क्रममा पुर्व प्रकासित तथा संकलित तथ्याङ्कलाई सहायक स्रोत भनिन्छ । यो पहिले नै भए गरेका स्रोत अनुसन्धान प्रकाशन दस्तावेज इत्यादि सहायक स्रोत हुन् । यस अध्ययनमा विद्यालयमा उपलब्ध अभिलेख, तथ्याङ्क, विद्यालयले तयार गरेको कार्ययोजना, विद्यालयको निर्णय पुस्तिका आदिबाट तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४. तथ्याङ्क संकलनका साधनहरु

अध्ययनका लागि तथ्याङ्क सुचना वा प्रमाणहरु संकलन गर्न अनुसन्धान कर्ताको निर्माण तथा प्रयोग गर्ने साधनलाई तथ्याङ्क भनिन्छ । सर्वप्रथम त साधन भर पर्दो विश्वसिलो दोहोरो अर्थ नलाग्ने प्रष्ट भएको हुन् पर्दछ । विभिन्न प्रश्नावाली फाराम, दस्तथावेज पुनरावलोकन आदि तथ्याङ्क संकलनका साधनहरु हुन् ।

### ३.४.१. अर्न्तवार्ता प्रश्नावली

विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सबै किसिमका विद्यार्थिले कक्षाकोठामा सहज रुपकमा सिकाई गर्न सकिने समावेशीता कायम भए नभएको आदिको लागि शिक्षक विद्यार्थि

अभिभावक, विद्यालय, व्यवस्थापक समिति अध्यक्ष प्रधानाध्यापक आदिलाई छुट्टा छुट्टै प्रश्नावली सुस्म रुपमा विश्लेषण गर्न वालवालिका हरुको समस्या/चुनैतिर उनीहरुको विभिन्न पक्षलाई प्रश्नावली निर्माण गरिने छ।

### ३.४.२. सरोकारवालाहरुको धारणा बुझ्नका लागि प्रश्नावली

कुनै पनि व्यक्तिले कुनै पनि विषयमा कस्तो धारणा व्यक्त गर्दछ भनेर मुल्याङ्कन गर्न मत संकलन गर्ने कार्य गरिन्छ । यस प्रकार प्राथमिक तअको कमजोर दृष्टि र्भकाहरुको लागि कक्षा व्यस्थापन तथा समावेशीताको कस-कसको के कारण भुमिका रहन्छ । यस्ता सकारात्मक भुमिकाले सम्बन्धित वालवालिकाको सिकाईमा के कस्तो सिकाई सुधार आउने छ भन्ने आ-आफ्नो पक्षबाट योग्य परेका कठिननाईहरुलाई प्रष्ट पार्न पनि विभिन्न प्क्षको अर्न्तवार्ता प्रश्नवली बाट प्रष्ट हुने छ।

### वालवालिकाको लागि प्रश्नावली

- यस बाट विद्यालयको पाठ्यक्रमाको प्रयोग कार्यानवयन श्रष्य दृष्य सामग्रीको प्रयोग को अपस्था पत्ता लगाइ वालावलिकाको सुझाव सल्लाह अनुसार कमजोर दृष्टि मैत्री बसाइ व्यस्थापन गरी सिकाइमा भय सहयोग पुऱ्याउने वातापरण गर्न सहयोग गर्ने छ भने निजहरुले भोग्नु परेका विभिन्न समस्याहरुलाई पनि समाधान गर्न वातावरणको अवलम्बन गर्न सकिने देखिन्छ । जयले गर्दा कक्षमा सबै किसिमका वालवालिका पाउने छन्।

### अभिभावकहरुको लागि प्रश्नावली

- वालवालिकाको लागि अभिभावकबाट प्राप्त गर्न सकिने जानकारी सम्बन्धि तथ्याङ्कको लागि विभिन्न प्रश्नहरु गरी तथ्याङ्क प्राप्त गरिने छ । जस्तै वालवालिकालाई समय-समयमा आँखा जाँच गराउन हुन्छ। बालबालिका विद्यालय जान रुचाउँनु हुन्छ । जस्ता प्रश्न सोधि यस अनुसान्धनको लागि सहयोग गर्न सकिने प्रश्न सोधिने छ।

### शिक्षकहरुको लागि प्रश्नावाली

- शिक्षकहरुका लागि तयार पारेको प्रश्नवालीबाट विद्यालयमा भएका कमजोर दृष्टि भएका वालवालिका पत्ता लगाउने र त्यसलाई उपचारमा जान उत्साहित गर्ने

सिकाई  व्यवस्था मिलाउने र ती बालबालिकाको कमजोरी समाधानको उपायहरुको जानकारी लिने प्रयास गरिने छ  ।

**विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुका लागि सोधिने प्रश्नहरु**

- विद्यालयमा भएका विभिन्न स्तरका वालवालिलाई सिकाईमा सहजताको कायम गराउनको लागि उनीहरुकको आँखाको दृष्टि आधारमा बसाई व्यवस्था कसरी मिलाउनु  हुन्छ । उनीहरुलाई सिकाई प्रति हौसला के कसरी दिनु हुन्छ । उनीहरुको सिकाईको अवस्था के कस्तो छ आदि प्रश्न सोधिने छ ।

**प्रधानाध्यापकको लागि अर्न्तवार्ता प्रश्नवली**

- यसबाट विद्यालयको पाठ्यक्रमको कार्यान्वमन कसरी गर्नु भएको छ, कमजोर दृष्टि भएका बालबालिकाको मुख्या समस्या केठो श्रष्य दृष्य सामग्रीको बालबालिलाई के कस्तो सुझाव सल्ला दिनु भएको छ । उनीहरुलाई कसरी उत्पेरित पार्नु हुन्छ । सिकाई उपलब्धीको अवस्था कस्तो छ मुख्या समस्या केहो जस्ता प्रश्न सोधेर समस्या पत्ता लगाउने प्रयास गरिने छ ।

### ३.४.३ अन्तर्वार्ता

यस दृष्टि कमजोर भएका बालबालिकाको सिकाई समावेशिताको अवस्था सम्बन्धी प्राथमिक स्रोत अन्तर्गतको तथ्याङ्क सङ्कलन गर्ने सिलसिलामा प्रत्यक्ष रुपमा छनोटमा रहेका सम्बन्धित विद्यालयहरूमा गई प्रत्यक्ष रुपमा प्रधानाध्यापकहरुसँग विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग शिक्षकहरूसँग ती विद्यार्थीहरुसँग छुट्टाछुट्टै रुपमा अन्तर्वार्ता लिई दृष्टि कमजोर भएका बालबालिकाको सिकाई समावेशिताको लागि भौतिक शैक्षिक मानवीय स्रोत साधनको अवस्था प्रयोग र थप गर्ने सम्बन्धमा केन्द्रित भएर समावेशी सिकाइको लागि आआफ्नो भूमिका धारणा प्राप्त गरी अन्तर्वार्ताको माध्यमबाट दृष्टि कमजोर भएका बालबालिकाको सिकाई समावेशिताको अवस्थाबारे सम्बन्धित पक्षको धारणा प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क सङ्कलन गरियो ।

### ३.४.४ अवलोकन

यस दृष्टि कमजोर भएका बालबालिकाहरूको सिकाई समावेशिताको अवस्थासम्बन्धी प्राथमिक स्रोत अन्तर्गतको तथ्याङ्क सङ्कलन गर्ने सिलसिलामा प्रत्यक्ष रुपमा छनोटमा रहेका ती तीनवटा विद्यालयहरूमा गई विद्यालयको कक्षा कोठा शौचालय खेलमैदान पिउनेपानीको सुविधा शिक्षकहरूको बालबालिकाहरू पढाइप्रति रुचि आदि अवस्थाको बारेमा अवलोकन गर्नको लागि प्रत्येक ती छुट्टाछुट्टै विद्यालयमा गई अवलोकन गरी तथ्याङ्क सङ्कलन गरियो ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सुचना तथा खुला प्रश्नावलीम परेका मनहरी गाँउपालिका अन्तर्गत पर्ने वडा नं. ६ र वडा नं. ९ का छनोट गरिएका ३ वटा विजद्यालयका प्रधानाध्यानपक, विद्या लय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक सम्बन्धित वालवालिका आदिलाई विभिन्न प्रश्न सोधि तथ्याङ्क संक लन गरिने छ । यसरी लिखित प्रश्नले समेट्न नसकेका कतिपम विषयहरुलाई मौखिक रुपमा सोधि अनुसन्धानको लागि आवश्यक तथ्याङ्क प्राप्त गरी यो अनुसन्धान कार्य अधि बढाइने छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

हरेक अनुसान्धनमा तथ्याङ्क संकलन पछि त्यसलाई व्याख्या विश्लेषण गर्नु पर्दछ । यो व्याख्या विश्लेषण महत्वपूर्ण कार्य हो । प्राथमिक र द्वितिय स्रोतबाट प्रात्त गरेक नतिजा लाई ठीक ढंगले व्याख्या र तालिकामा प्रस्तुत गर्न सकिन्छ । अध्ययनको क्रममा प्रयोग गरिएका सुचना तथा तथ्याङ्कलाई विवरणात्मक विश्लेषणात्मक तरकिाले प्रस्तुत गरियो । यस सम्बन्धि तथ्याङ्कहरुको निष्कर्षमा कमजोर दृष्टि भएकाहरुको समस्या/चुनौतिलाई उजागर गरी सुभारको लागि विशेष सल्लाह दिइने छ ।

# परिच्छेद चार

## तथ्याङकको व्याख्या तथा नतिजाको विश्लेषण

सिकाइका लागि समावेशिताको अवस्था श्रृजना गर्न विद्यालय संग सम्बन्धित पक्षहरु प्र.अ.वि.व्य.स अध्यक्ष, शिक्षकहरु, सम्बन्धित बालबालिकाहरुको विद्यालय संग गहिरो सम्बन्ध रहन्छ । त्यसैले सिकाइमा समावेशिता कायम गर्नका लागि विद्यालयमा मुख्य तथा वि.व्य.स. अध्यक्षले विद्यालयको समग्र भैतिक, मानविय पक्षमा विशेष ध्यान दिएर विद्यालयमा सहभागिता मुलक तथा समावेशी सिकाइ गर्न वातावरणको लागि सहयोग गर्न वि.व्य.स. अध्यक्षको महत्वपुर्ण भुमिका हुन्छ । त्यसै गरि विद्यालयमा विविधतायुक्त बालबालिकाको रुचि, अवस्था, आवश्यकता, चाहना, सिकाइ गति अनुसार उपयुक्त ढंगले सिकाइमा समावेशिता कायम हुने गरि शिक्षण गर्न, गराउनको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशनका श्रव्य दृष्य सामाग्री तथा टेप रेकड, आदिको प्रयोगबाट पठन पाठन गरी सिकाइमा आवश्यकता अनुसार सवै अवलोकनको बालबालिकाले कक्षाकोठामा सिक्न सक्ने गरि वा पाढ्यक्रम हुने गरि सहजतापुर्ण ढंगले सिकाइ गराउने प्र.अ. को महत्व पुर्ण भुमिका रहन्छ ।

दैनिक रुपमा बालबालिकाको आवश्यकता बुझ्रेर कक्षामा शैक्षिक वातावरण कायम गरेर पाढ्नक्रमको उदेश्य पुरा हुने गरि सम्बन्धित विषयमा उदेश्य गर्न, कक्षा गर्न, शिक्षण गराउन पर्ने महत्वपूर्ण भुमिकान रहनछ ।

समग्र रुपमा भन्दमा विद्यालयमा सिकाइको लागि समावेशिताको अवस्था वा भौतिक, शैक्षिक, मानवीय पक्षको कार्यान्वयन गर्नका लागि मुख्य भुमिका प्र.अ., वि.व्य.स.समिति अध्यक्ष, शिक्षक, विद्यार्थी सवैको आ-आफनो स्थानबाट महत्वपूर्ण भुमिका रहन्छ ।

### ४.१ सिकाइ समावेशिताको लागि प्रधानाध्यापकको भुमिका

यस अध्ययनको लागि मकवानपुर जिल्लाका आधारभुत विद्यालयका प्रधानाध्यापकहरुलाई प्रश्नावाली, अन्तरवार्ता गरी विद्यालयको वाहिरी र भित्रि वातावरणमा कसरी बालमैत्रि भौतिक, शैक्षिक व्यवस्था मिलाइएको छ अनि प्रश्न साध्दा कमजोर दृष्टि मैत्रि तथा अपाङग मैत्रि कक्षाकोठा, बसाइ व्यवस्थापन पत्र, सिकाइ, व्यवस्थापन, शौंचालयको व्यवस्थापन,

पिउने पानीको धारा, खाजाको घरको कसरी अपाङगमैत्रि कायम गरि सिकाइमा सहज रुपले अन्य बालबालिका सरल सिकाइ गर्ने वातावरण गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा ३ वटै विद्यालयमा पाठ्यक्रमको उदेश्य अनुसार सवै किसिमका बालबालिकाको रुचि आवश्यकता सिकाइ गति अनुसार शिक्षण गरेको पाइयो जसमा श्रष्यदृष्य सामाग्रीको भने कमजोर स्थिति देखियो । त्यसै गरी अतिरिक्त क्रियाकलापमा बालबालिका रुचि अनुसार विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गरी त्यस क्रियाकलापमा सवै किसिमका बालबालिकाको अनिवार्य सहगागिताको लागि प्रयास गरेको पाइयो । त्यस्तै कमजोर दृष्टि, अपाङगता भएका बालबालिकाका लागि बसाइ व्यवस्थापन कस्तो छ भन्ने प्रश्नको जवाफमा सुविधाजनक नभइ अरु बालबालिका सरहको नै बसाई व्यवस्थापन भएको कमजोर बालबालिकाका भनाई पाइयो र देखियो । त्यस्ता कमजोर दृष्टि भएका बालबालिकामा ह्वील चियरमा नै आवतजावत गर्ने छन् भन्ने प्रश्नको जवाफमा त्यस्ता ह्वील चियरमै आवतजावत गर्न पर्ने छैन भन्न पाइयो । विद्यालयमा बालमैत्रि तथा अपाङग मैत्रिको लागि के व्यवस्था गरिएको छ भन्ने प्रश्नको जवाफमा २ वटा विद्यालयको कक्षा कोठा र अन्य शैक्षिक आर्थिक तथा भैतिक व्यवस्थापन राम्रो भएको हुनुपदैछ । जसमा प्र.अ.ले विशेष ध्यान दिनु पर्छ ।

### सिकाइमा समावेभिताको लागि वि.व्य.स.अध्यक्षको भुमिका

विद्यालयको बाहिरी भित्रि वातावरण अपाङगमैत्रि छ भन्ने प्रश्नको जवाफमा २जना वि.व्य.स. अध्यक्षले जवाफ पुर्ण रुपमा विद्यालयको अवस्था अपाङगमैत्रि पुर्ण नभएको जवाफ प्राप्त गरियो बसाइ व्यवस्थापनमा डेक्स बेन्च कस्ता छन भन्ने प्रश्नको जवाफमा पहिला बनेको अग्ला छन अब हाल बन्ने फर्निचरहरु होचो बस्न सजिलो हुने खालको बनाउने भन्ने जवाफ प्राप्त गरियो त्यस्तै गरि शिक्षणमा टेप रेकर्डको प्रयोग गरिन्छ भन्ने प्रश्नको जवाफमा टेप रेकड प्रयोग गरेको छेन भन्ने पाइयो शेक्षिक सामाग्रीको परुयोग गरेर शिक्षण गराइन्छ भन्ने जवाफ ३ जनाको नै पाप्त गरियो त्यसै प्रश्नको सिलसिलामा आँखा कम देख्ने विद्यार्थीहरुलाई कक्षाको अग्र भागमा राख्ने पहल गर्नु भएको छ भन्ने प्रश्नमा कमजोर दृष्टि भएकाहरुलाई सधै कक्षाको अग्र भागमा राखेर नै शिक्षण गराउने व्यवस्था गरिएको छ भन्नेमा ३ वटा विद्यालय व्यवस्थापन अध्यक्षको भनाइ प्राप्त गरियो यसै गरी गुणस्तरीय शिक्षाको महत्वपुर्ण पाटोको रुपमा थप विभिन्न भैतिक व्यवस्थापनको पक्षलाई विशेष ध्यान दिनुपर्ने भएकोले यसै सन्दर्भमा शौचालय, खेलमैदान, कम्पाउण्ड, बाल कक्षा कोठामा र्‍याक,

होचा, आर सहित डेक्सबेन्च छन भन्ने प्रश्नको जवाफमा शौचालयको ढोका, डेक्सबेन्च कमजोर भएको बालबालिका मैत्रि नभएको भ्याल ढोका डेक्सबेन्च आधारभुत भएको जवाफ पाप्त गरियो शिक्षा निति २०५३ अनुसार विशेष बालबालिकाको लागि आवश्यक पर्ने सुविधाहरु व्यवस्था गर्नु पर्ने भए तापनि सो कुरा वि.व्य.स. अध्यक्षको प्रति उत्तरमा र प्रत्यक्ष अवलोकन बाट पनि भेटिएन ।

**सिकाइ समावेभिताको लागि कक्षाको कोठामा शिक्षकको भुमिका**

कक्षा कोठामा सिकाइ समावेभिताको अवस्था संग सम्बन्धित भएर शिक्षकहरु संग सोधिएका प्रश्नहरुको जवाफ निम्न रहेको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा ३ वटै विद्यालयको शिक्षकहरुले शैक्षिक सामाग्रीको प्रयोग गरेर शिक्षण गर्छौ भन्ने जवाफ पाइयो सो शैक्षिक सामाग्री कसरी जुटाउनु हुन्छ भन्ने प्रश्नको जवाफमा विद्यालयले उपलब्ध गराँउछ भन्ने जवाफ पाइयो शिक्षण गर्ने सन्दर्भमा के-कस्ता कठिनाइ भोग्नु भएको छ भन्ने प्रश्नको जवाफमा सबल विद्यार्थीहरुले छिटो बुभ्कछन भने कमजोर दृष्टि भएकाले ढिलो बुभ्कने हुदा बिस्तारै शिक्षण गर्नु पदर्छ जसले गर्दा छिटो बुभ्कने विद्यार्थीले भर्को मान्ने हुदा दुवै किसिमका बालबालिकाहरुलाई संगै राखेर पढाउदा कठिनाई भोग्न परेको जवाफ प्राप्त गरियो त्यस्तै सामाग्री पनि प्रायाप्त नभएको जवाफ पाइयो यस्ता समस्या सामाधान गर्न वा शैक्षिक सामाग्री निमार्णको लागि विद्यार्थीर शिक्षक मिलि शैक्षिक सामाग्री  थप व्यवस्था गरी सवैलाई सम्मान व्यवहार गरेर कक्षामा सवैले सिक्ने वातावरण तथा रुचि, सिकाइ गतिको आधारमा सिकाइ गरेर कक्षामा सिकाइ समावेशिता कायम गर्छौ भन्ने शिक्षकहरुले जवाफ प्राप्त गरियो सिकाइ समावेशिताको लागि बालबालिकाको भुमिका । कक्षाकोठामा तथा समग्र विद्यालयमा कस्तो व्यवहार पाउनु भएको छ भन्ने प्रश्नको जवाफमा ३ वटै विद्यालयका कमजोर दृष्टि भएकाहरुले समान व्यवहार र समुहमा छलफल गरेर सिक्न पाइने जवाफ दिइएको पाइयो वास्तवममा सवै बालबालिकाले सजिलै सिकाइ प्राप्त गर्न समान व्यवहार र हौसला प्राप्त गरेको र सवैसंग घुलमिल भएको छलफलबाट सिकाइ गरेको जवाफ दिदै सिकाइको लागि एक आपसमा अन्तरक्रिया, छलफल गर्न आफनो सिप अनुसार शैक्षिक सामाग्री  सिकाइ समावेशिताको विभिन्न पक्षहरु मध्ये सिकाइ पनि एक महत्वपूर्ण पक्ष हो जसले सिकाइमा आफनो रुचि चाहना, क्षमता अनुसार सिकाइमा क्रियाशिल भएर स्वयम सिकाइ गर्न सक्ने वातावरण तया जोडदिएर कुनै पनि सिकाइमा सक्रियता देखाएर ती सम्बन्धित बालबालिकाले सिकाइ समावेशिता कायम

गरेको अवलोकनको अवस्थामा पाइयो त्यस्तै गरी लेख्न, सार्न समस्या आउने हुँदा बोलाइमा जोडदिएर लेख्न लगाउँदा अन्य बालबालिाक सरह लेख्न सकिएको पाइयो । जसले सिकाइ समावेशिताको अवस्था कायम गर्न बोलाइबाट पनि सहयोग पाइएको देखियो ।

**सिकाई समयसिताको लागि अभिभावकको भूमिका**

सिकाई समावेशिताको लागि विद्यालयसँग सरोकार पक्षहरूको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहन्छ । जसमा अभिभावक को भूमिका गहन छ । त्यसैले अभिभावकसँग सम्बन्धित भएर सोधेका प्रश्नहरूको जवाफ निम्न रहेको पाइयो । विद्यालयमा अध्ययनरत दृष्टि कमजोर भएका बालबालिकाको आँखा चेक गर्नको लागि कति कति समयमा अस्पताल जानुहुन्छ भन्ने प्रश्नको जवाफमा अधिकांश अभिभावकहरुले ६-६ महिनामा गर्न लैजान्छौं भन्ने जवाफ पाइयो । त्यस्तैगरी तपाईंको दृष्टि कमजोर बालबालिकाको घरमा रहँदा खेलप्रति कतिको रुचि देखाउँछन् भन्ने प्रश्नको जवाफमा अलिअलि खेलप्रति रुचि देखाउछन् भन्ने जवाफ पाइयो । यसैगरी तपाईंको कमजोर दृष्टि भएका बालबालिकाको विषयगत शिक्षकसँग ती नानीबाबुको सिकाइको बारेमा जानकारी लिनुभएको छ भन्ने प्रश्नको जवाफमा छ भन्ने पाइयो । त्यसैगरी कमजोरदेखि भएका नानीबाबुले घरमा आँखा दुख्यो भन्नुभएको छ भन्ने प्रश्नको जवाफमा छ भन्ने जवाफ प्राप्त गरियो यसरी नै दृष्टि कमजोर भएका बालबालिकाले घरको काममा सहयोग गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा कहिलेकाही घरको काममा पनि सहयोग गर्छ भन्ने पाइयो । त्यसैगरी कमजोर बालबालिकाप्रति परिवारले कस्तो व्यवहार गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा सम्मान व्यवहार गर्ने गरेको भन्ने प्राप्त गरियो। यसरी अभिभावकले आफ्नो दृष्टि कमजोर भएका बालबालिकाको शारीरिक तथा मानसिक रुपमा देखिएका विभिन्न समस्याहरूलाई सही रूपमा बुझी त्यसको समाधानमा नै उपचार न्यूनीकरण वा समाधानको बाटोमा गई बालबालिकालाई उनीहरूको रुचि क्षमता आवश्यकता सिकाई गति अनुसार विद्यालयमा सहभागी गराएर सिकाई गर्ने अवसरको लागि सहजता गर्ने भएको हुँदा सिकाई समावेशिताको लागि अभिभावकको भूमिका पनि महत्वपूर्ण रहने पाइयो ।

**सिकाई समावेशिताको लागि विद्यार्थीको भूमिका**

कक्षा कोठामा सिकाई समावेशिताको लागि सम्बन्धित भएर विद्यार्थीहरूसँग सोधिएका प्रश्नको जवाफ निम्न रहेको पाइयो । शिक्षण सिकाइको क्रममा शिक्षकहरूबाट कस्तो

व्यवहार पाइयो भन्ने प्रश्नको जवाफमा समान व्यवहार भन्ने जवाफ प्राप्त गरियो त्यस्तैगरी विद्यालय सधैं आउनुहुन्छ भन्ने प्रश्नको जवाफमा सधैं आउने गरेको जवाफ प्राप्त गरियो। त्यसैगरी तपाईहरु कमजोर दृष्टि भएकाहरुलाई कक्षामा कस्तो बस्ने व्यवस्था छ भन्ने प्रश्नको जवाफमा पूर्ण रुपमा सुविधा नभएको भन्ने पाइयो । यसरी नै कक्षामा पढाउने शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा मायालु व्यवहार भन्ने पाइयो । त्यसैगरी विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागी हुनुहुन्छ भन्ने प्रश्नको जवाफमा कहिले रुचि नभएको भन्ने पाइयो । त्यसैगरी सिकाइमा कतिको रुचि लाग्छ भन्ने प्रश्नको जवाफमा पढाइमा रुचि लाग्छ भन्ने जवाफ प्राप्त गरियो । यसरी सिकाई समावेशिताको लागि आवश्यक वातावरण स्वयं विद्यार्थीले पनि तय गरी सिकाई समावेशी कक्षामा निज दृष्टि कमजोर विद्यार्थीहरू पनि सिकाईप्रति सक्रिय हुने भएको हुँदा निज विद्यार्थीहरूले समावेशी सिकाइको लागि चाहिने वातावरण तय गरी समावेशी वातावरणमा ती दृष्टि कमजोर बालबालिका समायोजन भई सिकाई प्राप्त गरिएकोले पाइएकोले सिकाई समावेशिताको लागि ती दृष्टि कमजोर बालबालिकाको भूमिका महत्वपूर्ण रहेको पाइयो ।

**सिकाई समावेशिताको लागि विभिन्न संघसंस्थाको भूमिका**

सिकाई समावेशिताको लागि विभिन्न संघसंस्थाको भूमिका महत्वपूर्ण हुने हुँदा सम्बन्धित त्यस्ता संघसंस्थासँग समन्वय गरी विद्यालयको शैक्षिक वातावरण सुधारको लागि शिक्षकहरुलाई तालिम प्रदान गरेर शिक्षण सिकाइमा सम्पूर्ण बालबालिकाको रुचि आवश्यकता क्षमता र सिकाई गर्न सहयोग गर्दछ त्यस्तै कक्षाकोठालाई ठीक ढङ्गबाट व्यवस्थित गर्नको लागि आर्थिक सहयोग समेत उपलब्ध गराई बालबालिकाको उमेर अवस्थाअनुसार फर्निचर तथा भौतिक अवस्थाको सुधार तथा व्यवस्थापन गरी समावेशी सिकाइको लागि विभिन्न संघसंस्थाको महत्वपूर्ण भूमिका रहने पाइयो ।

## ४.२ शिक्षण सिकाइमा प्रभान पार्ने तत्वहरु

समावेशि सिकाइको लागि प्रभाव पार्ने पक्षहरु अन्तगर्त भैतिक, शैक्षिक, मानविय तत्वहरु हुन जसले उचित व्यवस्थापनले विभिन्न अवस्था आवश्यकता रुचि सिकाइ क्षमता भएका सिकाइलाई एउटै कक्षा कोठामा एक आफसमा रहि सिकाइ गर्ने वातावरण प्राप्त गरिएको हुन्छ जस अन्तगर्त शिक्षण सिकाइलाई समावेशिता कायम गर्न प्रभाव पार्ने तत्वहर के-के

अुन भन्ने सन्दर्भमा शोधकर्ता स्वयमले सम्बन्धित पक्षहरु संग प्रश्नवली, अन्तरक्रिया, अर्न्तवार्ता लिएको थिए जसबाट प्राप्त निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ पाठ्यक्रमको उदेश्यहरु

पाठ्यक्रमको उदेश्यहरु सम्बन्धमा श्री प्रगती आधारभुतको प्र.अ.को भनाई निम्न अनुसार पाइयो सिकाइमा समावेशिताको अवस्था किन गर्ने भन्ने प्रश्नको जवाफ सहजै प्राप्त हुन्छ पाढ्यक्रमले तोकेको उदेश्य पुरा गर्नको लागि शिक्षाको राष्ट्रिय उदेश्य पुरा गर्न महत्वपूर्ण साधान पाठ्यक्रम हो पाढ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र सिकाइमा समावेशिता कायम भइ शिक्षाको गुणस्तरलाई अभिवद्धि आउँदा पाढ्यक्रम अनुसार शिक्षण सिकाइ गर्दा सिकाइमा सुधार ल्याउँछ पाढ्यक्रमले समावेशि सिकाइमा जोडदिइ समय अनुसारको व्यवहाािक किसिमको हुनुपर्दछ । पाढ्यक्रमले उत्पादित्त जनशक्तिलाई बजारमा टिक्ने, बिक्ने, अवस्थाको बनाउन सक्नु पर्दछ । पाठ्यक्रमको उदेश्यको सिलसिलामा नमुनको रुपमा छनौट रहेको ३ वटा विद्यालयका प्र.अ.हरुका भनाई तथा दृष्टिकोण मिल्दा जुल्दा तथा समान भेटियो । उनीहरको अनुसार शिक्षकहरुले शिक्षण गर्दा पाठ्यपुस्तक नभई पाठ्यक्रमले तोकिएको शिक्षण सिकाई गर्नु पर्ने भएको हुँदा सो अनुसार पठनपाठन गरि उदेश्य प्राप्त गर्ने गतिमा शिक्षण सिकाई गरेता पनि पूर्ण रुपले समावेशितामा आधारित नभएको हुँदा सिकाई समस्या आएको छ । समय र परिस्थति अनुसार पाठ्यक्रमको मूल्य र महत्व भिन्न भिन्नै हुन सक्छ । एउटा समाजमा लागू भएको पाठ्यक्रम अर्को समाजमा उपयुक्त नहुने भएकोले गर्दा लागू नहुन सक्छ । परिवर्तन विकास, स्थानीय स्तरको रुची, चाहाना अनुसार आवश्यक स्रोत परिचालन, सीप, रोजगारी सम्बन्धि ज्ञान दिने स्रोत नभई बेरोगारी उत्पादन गर्ने थलोको रुपमा विद्यालयलाई विकास गराएको अवस्था देखिन्छ । जसको कारण समावेशी सिकाई माध्यमले सबैको रुची आवश्यकता, दक्षता अनुसार सीप विकाकस कार्यमा वा प्रयोगात्मक कार्यमा कम सैद्धान्तिक विषयवस्तुमा बढी जोड दिइएको पाइयो । जसले गर्दा पाठ्यक्रमले पूर्ण रुपमा विविधतामुक्त विद्यार्थीहरुको रुची इच्छा चाहान र सीपलाई सम्बोधन गर्न नसकेको भेटियो ।

### ४.२.२ उपलब्ध भौतिक साधान

शिक्षण सिकाई क्रियाकलाप संचालनको निम्ति उपयुक्त भौतिक व्यवस्थापन हुनुपर्दछ । जसले सिकाईमा सहजता प्रदान गर्दछ । जस्तै विद्यालय भवन, फर्निचर, झ्याल ढोका,

सेतोपाटी, कक्षाकोठामा प्रयाप्त प्रकाश आवतजावतको अवस्था, खानेपानीको व्यवस्था, छात्राछात्र र अपाङ्ग मैत्री शौचालय पर्दछ । भौतिक पक्ष वा वरिपरिको वातावरण, हावा, प्रकाश, तापक्रमको उपयुक्त व्यवस्था, कक्षाकोठाको आकार प्रकार आवश्यक सुरक्षाको अवस्था अपाङ्गमैत्रीको अवस्था, सजिलै आवत जावत गर्न सक्ने अवस्था हुनुपर्दछ । जुन भौतिक वातावरणको उपयुक्त अवस्था हुनु भनेको नै सिकाईका पूर्वाधार हो । शैक्षिक क्रियाकलापले मात्र समावेशि सिकाई हुन सक्दैन । त्यसका लागि भौतिक अनुकुलको वातावरण हुन आवश्यक छ (कोइरला २०६०) ।

यसै अध्ययन खोजको शिलशिलामा नमूना छनौटमा परेका विद्यालयका प्र.अ. र शिक्षकहरुको भनाई यस प्रकार पाइयो । उहाँहरुको शिक्षण सामाग्री प्रदर्शन गर्ने ठाँउको व्यवस्था सुरक्षित विद्यालय हाता खानेपानीको व्यवस्था, सफासुग्घर बालमैत्री खालको खेलमैदान, बालमैत्री कक्षाकोठा, डेक्स बेन्च शौचालय भएमा बालबालिकामा सकारात्मक आचरण र सिकाईमा सबैले सामेल हुन पाउने वातावरण प्राप्त गर्दछन् ।

यसै क्रममा स्वयम् अध्ययनकर्ताले अवलोकन फारमको माध्यमबाट नमूनामा परेको प्रत्येक विद्यालयका भौतिक अवस्थाको अवलोकन गरि आफ्नो अध्ययन कार्यलाई अगाडि बढाएका थिए । अवलोकनको क्रममा नमूनामा रहेको विद्यालयहरुमा खानेपानी, बुक कर्नर, शौचालयको सुविधा सन्तोषजनक नै पाइयो । भौतिक सामाग्रीको व्यवस्थापनको लागि विद्यालय व्यवस्थापन समितिको राम्रो सहभागिता रहेको पाइयो । जसले गर्दा भौतिक व्यवस्थापनमा प्र.अ.लाई सहयोग मिलेको पाइयो । यसरी ठिक ढंगको भौतिक व्यवस्थापनको सुरुवातले गर्दा आगामी दिनमा शिक्षण सिकाईका समावेशिता कायम गर्ने वातावरणमा मजबुतता आई सिकाईमा सुधार भई शैक्षिक गुणस्तरमा वृद्धि हुने कुरामा विद्यालय, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, बालबालिका सन्तुष्ट हुँदै गएको पाईयो । जस्तै उपयुक्त कक्षाकोठाबाट नै उपयुक्त सिकाई हुन्छ भन्ने मान्यता विद्यालय परिवारको रहेको पाइयो ।

### ४.२.३ शिक्षकको क्षमतार तालिम

विद्यालयमा शैक्षिक क्रियाकलाप संचालन गर्ने सिकाईको लागि सहजिकरण गर्ने व्यक्ति नै शिक्षक हो । शिक्षकहरुको शिक्षण सिकाई क्रियाकलाप स्पष्ट उदेश्यमुखी भए विद्यार्थीहरुको सिकाईले सार्थकता पाउँछ । जसले गर्दा बालबालिकाको सिकाई शिक्षकको शिक्षण कलामा निर्भर हुन्छ । शिक्षकले प्रयो गरेका विभिन्न शिक्षण विधिहरु प्राप्त गरेका योग्यता, तालिम

आदिमा भर पर्दछ । सोही अनुसारको शिक्षण सिकाई क्रियाकलाप बन्दछ । तालिम प्राप्त शिक्षकले उदेश्यमुखि ढंगबाट मापनयोग्य हुनेगरी उदेश्यलाई समेटेर शिक्षण सामाग्री, क्रियाकलाप मुल्याङकन गरेर सिकाइलाई सार्थकर्ता बनाउँछ तर तालिम अनुपात शिक्षक कमजोर र बालबालिकाको स्थायी बुझ्रेर शिक्षण गराउन कमजोर हुने हुँदा सिकाइ क्षमतामा कमजोरीपन आउँछ । त्यसैले शिक्षकको क्षमता र तालिमले सिकाई प्रभाव पार्दछ ।

शिक्षकको क्षमता र तालिम सम्बन्धमा श्री ऋषेश्वर वाल जागृति प्रा.वि.को प्र.अ. शिक्षकहरुमा रहेको योग्यता क्षमतालाई समायानुकुल रुपमा रुपान्तरण वा नविकरण, सवलिकरण तथा अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षण सिकाई तथा समावेशिता सिकाई कायम गरी सिकाई समावेशिता कायम गर्न सकिन्छ ।

शिक्षकको क्षमता र तालिम सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयका प्र.अ.हरुको भनाइ समान रहेको पाइयो । तालिममा सिकेका सिपलाई आफ्नो कार्यत्रक्षेत्रमा उपयोग गरेको खण्डमा प्रभावकारी सिकाई गर्न सकिन्छ तर तालिममा जानेका विषयवस्तुलाई उपयोग नगरी विना योजना शिक्षण गराउँदा गन्तव्यहिन सिकाई हुन्छ त्यसैले समावेशी सिकाईको लागि सिकाई योजना उतारेर दक्ष शिक्षकको व्यवस्थापन गरेर सिकाईको लागि आवश्यक वातावरण तय गरेर सिकाई गरि कठिन विषयबस्तु पनि सिकाई गर्न सक्ने भएकोले शिक्षकहरुको योग्यता, क्षमता सीप तालिमले सबै अवस्थाका बालबालिकालाई सिकाई गर्न सक्ने भेटियो ।

### ४.२.४ विद्यार्थीको उमेर क्षमता र रुचि

समावेशिी सिकाईमा प्रभाव पार्ने विभिन्न पक्षहरु मध्ये विद्यार्थीको उमेर क्षमता रुचि पनि हो। सिकाई गर्दा विद्यार्थीको विभिन्न उमेर क्षमता रुचिलाई ध्यान दिएर सिकाई गरियो भने सिकाई सबैमा गर्न सकिन्छ । जुले गर्दा सिकाईमा समावेशिता कायम गर्न सकिन्छ । जस्तै यस अध्ययन अन्तर्गत श्री ऋषेश्वर बाल जागृति प्रा.वि.का बालबालिकाहरुले उनीहरुको उमेर क्षमता अनुसार कसैले गायन सीप कसैले नृत्य सीप कसैले लेखाई सीपमा रुची व्यक्त गरेको पाइयो । यसरी विभन्नि उमेर क्षमता र रुची भएका बालबालिकालाई उनीहरुकै चाहना अनुसार उनीहरुको अन्तरभावनालाई प्रष्फुटन हुन दिने सिकाई अवस्था सिर्जना गरेर सिकाईमा समावेशीता कायम गरेको पाइयो । आफ्नो सिकाई गति अनुसार सिकाई गरिरहेका र ती बालबालिका नियमित रुपमा विद्यालय आइरहेको जानकारी प्राप्त गरियो । यस्तैगरी

अनुसन्धानको सिलसिलामा लिएका तीनवटा विद्यालयहरूमा अधिकांश बालबालिका कक्षा १ मा पढ्नेको उमेर पाँच वर्षको पाइयो । उमेर अनुसार आधारभूत तहको विभिन्न कक्षामा अध्ययनरत रहेका दृष्टिको कमजोर भएका बालबालिकाहरूको रुचिमा एकोरो पठनपाठनमा मात्रै भन्दा विभिन्न अतिरिक्त क्रियाकलापमा रुचि पाइयो । जस्तै नृत्य गायन चित्रकला कथा श्रवण खेलकुद आदिमा रुचि रहेको पाइयो । यसरी विद्यालयमा पठनपाठनको साथसाथै क्रियाकलाप पनि हुन्छ भन्ने जवाफ ती कमजोर बालबालिकाहरूबाट पाइयो । यसरी विद्यालयमा सधैँ आउनुहुन्छ भन्ने प्रश्नको जवाफमा विद्यालयमा अतिरिक्त क्रियाकलाप भइरहने भएकोले सधैं विद्यालयमा आउन रुचि भएको बताइयो ।

## ४.२.५ विषयवस्तु

शिक्षण सिकाई गर्ने विषयवस्तुहरुमा पाठ्यक्रमको उदेश्य प्राप्त गर्ने गरी तहगत कक्षागत रुपबाट विषयवस्तु छनौट गरिएका हुन्छन् । विषयवस्तु विद्यार्थीको रुची इच्छा चाहान अनुसार हुनु पर्दछ । यसे शिलशिलमा नमूना छनौटमा परेका प्र.अ.हरुको समान भनाई पाइयो । निज प्र.अ. हरुका अनुसार बालबालिकाहरको सिकाई प्रतिको चाहना कक्षाकोठामा पढाइने सैद्धान्तिक विषयवस्तु सँग सम्बन्धित नहुने पाइयो । उनीहरु गरेर सिक्नेमा रुची राख्ने भेटियो अर्थात व्यवहारिक ज्ञान सिक्ने चाहान राखेको पाइयो । विद्यार्थीहरुको रुची चाहानका विषयवस्तु भए शिक्षण सिकाईमा सबैलाई सहजढंगबाट समावेशीरुपबाट सिकाई गर्न सकिने पाइयो । यसरी सैद्धान्तिक शिक्षाभन्दा व्यावहारिक ज्ञानसिप सिक्न खोज्ने कारण ती दृष्टि कमजोर बालबालिकाहरुको लागि शिक्षण सिकाई गर्ने पाठ्यक्रम पूर्ण रुपमा अपाङ्गमैत्री नहुनाले सैद्धान्तिक शिक्षामा भन्दा प्रयोगात्मक व्यावहारिक शिक्षाका विषयवस्तुमा रुचि भएको पाइयो। त्यसैले दृष्टि कमजोर भएका बालबालिकाहरूको रुचि क्षमता चाहना अनुसारका विषयवस्तु छनोट गरी सिकाइ गर्न सकिए सिकाइमा सकारात्मक प्रभाव पर्न सकिने देखिन्छ । साथै आदतहरू ज्ञानहरूमा वृद्धि भई राम्रो बानी व्यवहारमा सुधार आउँछ । त्यसैले सिकाइको लागि बालबालिकाको उमेर अनुसार रुचि अनुसारको विषयवस्तु हुनुपर्दछ Crow and Crow.

**विषवस्तु सम्बन्धमा श्री जनजाति उत्थान प्रा.वि. प्र.अ. भन्नु हुन्छ**

शिक्षाले सैद्धान्तिक कक्षालाई भन्दा व्यवहारिक सिपमूलक पक्षलाई जोड दिन पर्दछ । व्यवहायिक र व्यववसायमुलक शिक्षा नभएको हुँदा पढेलेखेकाले रोजगार पाइदैन पाइहाले

पनि ठिक कामको लागि पाँउन गाह्रो छ त्यसैले वाध्यता वस विदेशमा श्रमवेच्न वाध्य हुनु पर्दछ । जसको कारणले जति पढेपनि आखिर विदेशै जान परिहाल्छ भन्ने मानसिकताले गर्दा सिकाई प्रति आकर्षण कम भएको पाइयो । विषयवस्तु विद्यार्थीहरुको रुची अनुसार सिकारुहरुले सिक्नको लागि उत्साहित हुने परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने गरेको पाइयो । संकलन गरेको विवरणको अध्ययनबाट के प्रष्ट हुन्द्ध भने शिक्षण सिकाई विद्यालयको प्रमुख क्रियाकलाप हो । जुन सबैले आफ्नो आफ्नो रुची क्षमता अनुसार उचित शैक्षिक वातावरण प्राप्त भए मात्र सबै किसिमका बालबालिकाले तथा विभिन्न उमेर क्षमता, सिकाई अवस्था भएका बालबालिकाले उचित सिकाईको लागि आवश्यक वातावरण प्राप्त गर्न सम्बन्धित पक्षहरुले तालिम प्राप्त शिक्षक, कक्षाकोठामा भौतिक सुविधा जुटाएर बालबालिकाको रुची क्षमता उमेर अनुसार सिकाईको लागि सम्बन्धित विषवस्तु छनौट गर्दा बालबालिकाको रुची चाहान क्षमता उमेर अनुसार विषवस्तु टनौट गरेर सबैलाई सिक्ने अवस्था दिन सक्ने विषयवस्तुको चयन गर्नु पर्ने देखिन्छ ।

नमूनामा परेका विद्यालयहरुको स्थलगत अवलोकन गर्दा शिक्षण सिकाईलाई समावेशी कायम गर्नको लागि प्र.अ.ले शिक्षण सिकाईमा समावेशिता कायम हुने गरी तथा बालबालिकाको उमेर अनुसारको बसाई व्यवस्थापन, शैक्षिक सामाग्री, खेलमैदान, पानीको व्यवस्थापन साथै अन्य आवश्यक भौतिक साधानको व्यवस्थापनमा विशेष जोड दिइएको भेटियो ।

शिक्षकहरुको लागि तालिम, पूनर्ताजगी तालिमको व्यवस्था, तालिममा सिकेका सीपलाई कक्षाकोठामा प्रयो गर्न उत्साहित गरेको भेटियो । शिक्षण सिकाईको सिलसिलामा पाठ योजना विना शिक्षण गरेको पाइयो । विद्यालयको शैक्षिक, भौतिक, प्रसाशनिक र व्यवस्थापकीय पक्षको विकास गरी विद्यालयको समग्र विकास गर्न कार्यन्वयनको प्रयास गरेको भेटियो । जसिले सिकाईमा समावेशि कायम गर्न गरिएको प्रयासको रुपमा देखिन्छ ।

### ४.३ सिकाइमा गुणस्तर समावेशि कायम गर्नका प्र.अ.ले भोग्नु परेका समस्याहरु

विद्यालयमा ठिक ढंगबाट पठनपाठन गर्न, विद्यालयमा रहेका विभिन्नत भएका तथा सिकाई क्षमता फरक फरक रहेका बालबालिकाहरुलाई पनि समावेशी ढंगबाट उनीहरुलाई सिकाई गर्नु एक चुनौतीपूर्ण कार्य हो । यसरी सिकाईको लागि समावेशी कक्षाकोठा तयार गर्नका

लागि विद्यालयमा भौतिक सिकाईको लागि शिक्षकको अभाव, खानेपानी, शौचालय जस्ता विविध पक्षहरुको अभाव देखियो ।

विद्यालयको सिकाईमा समावेशीता कायम गर्ने सिलसिलमा पाठ्यक्रम कार्यन्वयनमा के कस्ता समस्या आई परेका छन् भने सवालमा विभिन्न प्रश्नावली, अन्तरवार्ताको माध्यमबाट सुचना संकलन गरिएको थियो । प्राप्त सुचनाको आधारमा विद्यालयमा सिकाई वातावरणलाई समावेशीता कायम गर्दा शैक्षिकको कार्यन्वयनमा देखा परेका समस्यहरु इस प्रकार छन् ।

### १. भवन, कक्षाकोठाको अभाव

विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालन गर्नका लागि छुट्टै भवनको आवश्यकता परेपनि विद्यालयहरुसँग त्यस्तो छुट्टै हलको व्यवस्था भएको पाइएन साथै विद्यालयमा कम्पाउण्ड वाल पूर्ण भएको पाइएन । अतिरिक्त क्रियाकदाप संचालन गर्न हलको समस्या भएकोले पाठ्यक्रम कार्यन्वयनमा विद्यालयहरुमा समस्या रहेको पाइयो ।

### २. पाठ्यक्रमको प्रयाप्तताको अभाव

सिकाईको मेरुदण्ड पाठ्यक्रम भएकोले पाठ्यक्रम विना शिक्षण क्रियाकलाप उदेश्य विहिन हुन्छ त्यसैले हरेक विद्यालयमा पाठ्यक्रम प्रयाप्त हुन पर्दछ । यस सोध कार्यको सिलसिलमा यस अध्ययनसँग सम्बन्धित विद्यालयहरुको अवलोकन गर्दा विद्यालयमा पाठ्यक्रम भएको तर प्रयोगको अवस्था नगन्यरुपमा भएको पाइयो । पाठ्यक्रमका सट्टामा शिक्षकहरुले बढी पाठ्यपुस्तकलाई महत्व दिई प्रयोग गरेको पाइयो ।

### ३. शौचालायको समस्या

सिकाईको लागि विद्यालय जाऔ आजौ लाग्ने हुनुपर्दछ । विभिन्न भौतिक सुविधा मध्ये शौचालय पनि एक अपरिहार्य भौतिक सुविधा हो। जसले विना लाज, सुरक्षित ढंगबाट सजिलै सँग शौचालय जान आउन गर्न सकिने बालमैत्री किसिमको शौचालय हुनुपर्दछ तर अनुसन्धानको क्रममा त्यो किसिमको ३ वटा विद्यालयको अनुगमन गर्दा ती विद्यालयहरुको शौचालय पक्की भएको पाइयो तर सरसफाइमा कमी र पानीको प्रयाप्तता नभएको ढोकाको चुकुलहरु बालमैत्री नभएको पाइयो ।

### ४. शुद्ध पिउने पानीको समस्या

विद्यालयमा सिकाई समावेशीताको लागि आवश्यक पर्ने विभिन्न पक्षहरु मध्ये महत्वपूर्ण पक्ष शुद्ध पिउने पानी पनि एक हो । विद्यालयमा भनेको बेला सबैले शुद्ध पिउनेपानीको सुविधा भएमा पानी पिउनको अभावले विद्यालय छाड्ने दरमा कमी आउँछ । कसैले पनि सिकाई अवसरबाट बन्चित अवस्थाको सामान गर्न पर्दैन । त्यसैले विद्यालयमा पानीको राम्रो सुविधा हुनु पर्दछ । यस अध्ययनको सिलसिलामा छनौट गरिएका ३ वटा विद्यालयहरुमा शुद्ध पिउने पानीको अभाव पाइयो । जस अन्तर्गत केहीमात कोलिफम समेत रहेको पाइयो ।

### ५. प्रयाप्त शैक्षिक सामाग्रीको अभाव

सबै किसिमका बालबालिकालाई सिकाईमा उदेश्यमूलक ढंगबाट सिकाई गर्नका लागि शैक्षिक सामाग्रीको आवश्यकता पर्दछ । जसले सिकाई प्राप्त गर्न सहजता प्रदान गरी सिकाईलाई दिगो समेत गर्दछ । त्यसैले सिकाईमा शैक्षिक सामाग्री प्रयाप्तता हुने गरी कायम गरी सिकाईमा सबै किसिमका बालबालिकालाई सहजता प्रदान गरी सिकाईमा समावेशिता कायम गर्न सकिन्छ । यसै अनुसन्धानको क्रममा बढी भन्दा बढी छपाई युक्त शैक्षिक सामाग्री प्रयोग गरेको पाइयो । साना कक्षा ECED मा ३ वटा विद्यालयले श्रव्यदृश्य सामाग्री टि.भि.को प्रयोग गरेको पाइयो। यस बाहेक चार्ट चित्रहरु प्रयोग गरेको पाइयो तर कक्षा १-५ लाई श्रव्य दृश्य सामाग्रीको प्रयोग गर्नको लागि ३ वटै विद्यालयमा श्रव्य दृश्य सामाग्री नभएको पाइयो ।

### ६. खेल तथा मनोरन्जनात्मक सामाग्रीहरुको अभाव

विद्यालयमा विविधतायुक्त बालबालिका हुने हुँदा तिनीहरुको रुची क्षमता, आवश्यकता अनुसार अन्तरहित प्रतिभा पुस्तकुटन गर्नका लागि खेलकुद तथा मनोरञ्जनात्मक सामाग्रीको आवश्यक पर्दछ तर खेलकुद तथा मनोरञ्जनात्मक सामाग्रीहरु नगन्य मात्रामा पाइयो ।

### ७. शिक्षक तथा विद्यार्थी नियमिता नहुनु

कक्षाको कार्य तथा शिक्षक क्रियाकलाप नियमित गर्नुपर्दछ तर विद्यार्थी नियमित विद्यालय नआउन भएकोले दैनिक रुपमा गरिने क्रियाकलापमा समस्या आएको वा पाठ्यक्रम

कार्यान्वयनमा समस्या आएको पाइयो बालबालिका पनि घरायसी कामले गर्दा कमै मात्रामा विद्यालय आउने गरेको पाइयो ।

**८. शिक्षकहरुले पाद्‌यक्रम भन्दा पाद्‌यपुस्तकलाई बढि महत्व दिनु**

पाद्‌यक्रम सिकाइको लागि एक महत्वपूर्ण पक्ष हो जसले गर्दा सिकाइ उदेश्य मुलक क्रियाकलाप मुखि भइ सिकाइ सहजता ल्याउँछ यस अर्न्तगर्त सिकाइका उदेश्य, तौरतरिका क्रियाकलाप गर्ने तरिका, मूल्याङ्कन गर्ने सीप आदि सिकाएर प्रभावकारी रुपमा सिकाई गर्न सहजता पाठ्‌यक्रमले दिएता पनि पाठ्‌यक्रम नहेरी पाठ्‌यपुस्तकमा जे छ त्यसैलाई आधार मानेर शिक्षण गरेको पाइयो । जसले गर्दा पाठ्‌यक्रम कार्यन्वयनमा समस्या आएको पाइयो ।

**९. तालिमलाई कक्षाकोठामा प्रयोग नगर्नु**

तालिमले सिकाई क्रियाकलाई सरल ढंगबाट बालबालिकाको रुचि, आवश्यकता बुझेर सिकाई उदेश्य अनुसार सिकाई गर्न सहयोग गरेता पनि कक्षाकोठामा सबै किसिमको बालबालिकालाई समातेर पाठ्‌यक्रमको प्रयोग गरेर शिक्षण गरेको पाइएन । जान्ने विद्यार्थी जान्ने नै छन् नजान्ने उही अवस्थामा छन् । यसैले गर्दा एउटा समावेशी ढंगबाट सिकाई गर्न पर्नेमा त्यो अनुसार सिकाई नभै तालिममा सिकेका विषयवस्तुलाई कक्षाकोठामा प्रयो नभएको अवस्था पाइयो ।

**१०. विद्यालय व्यवस्थापन समिति अध्यक्षको विद्यालय अनुगमनमा चासो कम हुनु**

विद्यालयको भौतिक, शैक्षिक, मानवीय पक्षको ठीक ठंगले व्यवस्थापन गरी ठिक ढंगले दैनिक पठनपाठन सहज वातावरण प्रदान गर्नु विद्यालय व्यवस्थापन समितिको एक महत्वपूर्ण कार्य हो । तर यस कार्यको ठिक ढंगले विद्यालयमा सबै अवस्थाका बालबालिकालाई समेटेर सिकाई गर्ने वातावरण भए नभएको अनुगमन गर्ने गरेको पाइएन । जसले गर्दा सिकाई अवस्थामा एक आपसमा धेरै फरक रहेको देखियो ।

**११. विद्यार्थीहरुले सिकाइ प्रति कम रुचि राख्नु**

सिकाइ सम्बन्धि विभिन्न समस्याहरु मध्ये विदार्थीले सिकाइको क्रममा कम चासो राख्नु पनि एक गहन समस्या हो सिकाइमा जो सक्रिय भएर रुचि चासो राख्नु पर्ने हो उसैले कम रुचि

राखे पछि सिकाइले सार्थकता पाउन सकिदैन जसले गर्दा सिकाइमा समावेशिता कायम गर्न सकिदैन ।

### १२. शिक्षकले कक्षमा पुरै समय नविताउने

शिक्षकले सिकाइमा विभिन्न क्रियाकलाप गरि कक्षामा विद्यार्थी केन्द्रि विधि अपनाइ सिकाइमा सहजता गर्नु पर्ने अनुसन्धानको क्रममा नमुना छनोटमा लिएका ३ वटा विद्यालय अन्तगर्त १ विद्यालयमा शिक्षकले पुरै समय कक्षा कोठामा नविताउने गरेको पाइयो ।

### १३. निरीक्षण अनुगमन मुल्याङकनको कमि

सुकाइलाई समावेशिता कायम गर्नका लागि विभिन्न पक्षको महत्वपूर्ण भुमिका निरीक्ष अनुगमन गर्नु पनि हो तर वर्षको एक पटक विद्यालयमा निरीक्षण अनुगमन हुनु पनि मुस्किल भएको पाइयो यस्तो अनुगमन निरीक्षण प्र.अ.बाट कमै मात्रामा भएको पाइयो त्यस्तै स्रोत शिक्षक, गाँउपालिका अन्य संघ संस्थाबाट पनि कमै मात्रामा भएको पाइयो । जसले गर्दा समावेशी सिकाईको लागि प्राप्त गरिने पृष्ठपोषण प्राप्त गरिएको देखिएन । ज्सले गर्दा समावेशी सिकाईको लागि समस्या भएको भेटियो ।

### १४. समयमै कोर्ष नसक्नु

समावेशी सिकाई अन्तर्गत पर्ने विभिन्न समस्याहरु मध्ये समयमा नै कोर्ष नसक्नु पनि एउटा समस्या हो । विभिन्न पाठ अन्तर्गत रहेर त्यस्ता कमजोर बालबालिकाको व्यवहार परिवर्तन गराउन पर्ने पाठ नसिध्याउँने हुँदा विभिन्न ज्ञान सीपबाट बालबालिका पछि परेको पाइयो ।

### १५. स्थानीय विषयको शिक्षकको अभाव

स्थानीय भाषाशैली, साँस्कृतिक मूल्य मान्यता र स्थानीयताको पहिचानको लागि स्थानीय विषय शिक्षण गर्ने शिक्षकको व्यवस्था हुनुपर्दछ । जसले सवै भाषा सँस्कृति भएका बालबालिकाको सिकाई अवस्था अनुसार सिकाई गरेर सिकाईमा समावेशिता कायम गर्न सहयोग पुग्दछ । तर अनुसन्धानको क्रममा लिएका ३ वटा विद्यालयहरु कुनैमा पनि स्थानीय विषयगत शिक्षकको व्यवस्था गरेको पाइएन । जसले गर्दा स्थानीय विषयको कार्यन्वयनमा समस्या भएको पाइयो ।

### ४.४ सिकाई समावेशिताका लागि आई परेका समस्या समाधानका उपायहरु :

यस शोधकार्यको लागि मकवानपुर मनहरी गाउँपालिका भित्रका १८ वटा आधारभूत तहको विद्यालय मध्ये ३ वटा छनौटमा रहेका विद्यालयको स्थलगत रुपमा गई विद्यालयको विभिन्न पक्षहरुसँग सम्बन्धित रहेर विद्यालयसँग सरोकार राख्ने विभिन्न व्यक्तिहरुसँग र संघसंस्थासँग रहेर प्रश्नोत्तरु छलफल अन्तरवार्ता अवलोकनबाट प्राप्त भएका र अवलोकनको क्रममा देखिएका र त्यस विद्यालयहरुले भोगिरहेका समस्याहरु समाधानका लागि तथा सिकाई समावेशिताको अवस्था कायम गर्नको लागि कसैको पनि एकल प्रयासले सार्थकता पाउन नसकिने हुँदा यसका लागि विद्यालयका प्रधानाध्याक, वि.व्य.स., शिक्षक, अभिभावक सँग, विद्यार्थी, गाउँपालिका र अन्य विभिन्न संघ संस्थाको सहयोगको र आ-आफ्नो दायित्वको खाँचो पर्दछ । जुन खाँचो समस्या समाधान गर्न सबैले आ-आफ्नो तहबाट लाग्नु पर्ने देखिन्छ । जुन प्रत्यक्ष रुपमा देखिएका समस्या समाधान गरि सिकाईमा समावेशिताको अवस्था कायम गर्न सकिने उपायहरुलाई निम्न बुँदागतरुपमा प्रस्तुत गर्न सकिन्छ ।

१. प्र.अ.ले विद्यालयको लक्ष्य उदेश्य अनुसार सबै शिक्षक, कर्मचारी, वि.व्य.स., अभिभावकलाई विद्यालय प्रति उत्प्रेरित गर्नु पर्दछ ।

२. विद्यालयको साझा समस्या हामी सबैको हो भनि समाधान गर्ने उपायको लागि प्रयत्नशिल बनाउनु पर्दछ ।

३. प्र.अ.ले कक्षा अवलोकन गर्ने मोडल कक्षा प्रदर्शन गर्ने पृष्ठपोषण दिने, आवश्यकता अनुसार पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्छ ।

४. शिक्षण गर्दा चाहिने श्रव्य दृश्य सामाग्री खरीदको लागि वि.व्य.स.लाई स्रोत खोज्न उत्प्रेरित गरि सो समाान खरिद गर्ने वातावरण प्र.अ.ले सिर्जना गरि शैक्षिक सामाग्री जुटाउनु पर्दछ ।

५. वि.व्य.स.ले विभिन्न सँग संघ संस्थासँग समन्वयन गरि विद्यालयको भौतिक पक्षलाई सुधार गर्नु पर्दछ ।

६. प्र.अ.ले पाठ्य योजना बनाई शिक्षण गर्न सबै शिक्षकहरुलाई उत्साहित गर्नु पर्दछ । शैक्षिकलाई उत्सहित गर्नुपर्दछ ।

७. बालबालिका रुचि, क्षमता, आवश्यकता बुझि समावेशि सिकाइ भए नभएको कक्षागत अनुगमन कार्य गरेर यदि नभएमा कायौन्वयन गराएर ।

८. बालबालिकाको अवस्था, उमेर अनुसार बसाइ व्यवस्थापन ठिक ढंगबाट मिलाई कक्षा व्यवस्थापन गरेर ।

९. शुद्ध खानेपानी, शैचालयको राम्रो व्यस्था गरेर ।

१०. विद्यालयको कार्यामा/मेलामा अभिभावकको अनिवार्य सहभागितालाई जोडिदिएर ।

११. शिक्षकको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरेर ।

१२. विद्यार्थीको रुचि, क्षमता उमेर अनुसार सवैलाई समावेश हुने गरि भेतिक, शैक्षिक व्यवस्थापन गरेर ।

१३. सैद्धान्तिक ज्ञानको साथै व्यवहारिक सिपमा जोड दिन प्रयोगात्मक कार्याहरुमा बालबालिकालाई समावेश गरेर ।

१४. आवश्यक शैक्षिक सामाग्री, सन्दर्भ सामाग्रीको प्र.अ.ले व्यवस्था गरेर ।

१५. वि.व्य.आवश्यकता अनुसार तालिममा शिक्षकलाई सहभागि गर्न वातावण तय गरेर ।

१६. शिक्षकहरुले पाढ्यजना अनुसार सिकाइ गरे नगरेको प्र.अ.द्वारा अनुगमन गरी कक्षा सिकाइलाई प्रभावकारी गर्ने ।

१७. बेलाबेलामा अभिभावक शिक्षक विद्यार्थी अन्तरक्रिया गरी विद्यार्थीको विद्यालय आउने दर बढाउनु पर्ने देखिन्छ ।

१८. बालबालिकालाई विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलापमा समावेश गरेर सिकाइमा उपयुक्त शैक्षिक सामाग्री प्रयोग गरी सिकाइ रुचि बढाएर ।

१९. शिक्षकले बालबालिकाले सिके नसिकेको हरेक क्रियाकलाप अन्तरगत मुल्याङकन गर्ने, समय अनुसार शिक्षण क्रियाकलाप संचालन गर्ने गरेर ।

२०. प्रधानाध्यापकले विद्यालयको वार्षिक कार्ययोजना बनाई सोको विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सो अनुसार कार्य कार्यान्वयन गरेर

२१. विद्यालयमा बालमैत्री वातावरणको लागि सम्बन्धित पक्षहरूले आआफ्नो तर्फबाट जिम्मेवारी बहन गरेर

२२. बालमैत्री वातावरण तय गर्नको लागि विद्यालयमा शिक्षक अभिभावक विद्यालय व्यवस्थापन समितिले पालना गर्नपर्ने आचारसंहितालाई आत्मसाथ गरी कार्यान्वयन गरेर सिकाइको लागि सिकायुक्त कक्षाकोठाको व्यवस्था गरेर

२३. अपाङ्ग तथा दृष्टि  कमजोर भएका बालबालिकालाई ध्यान दिई सो अनुसार पाठ्यक्रमको विकास र कार्यान्वयन गरेर

२४. अपाङ्ग तथा कमजोर भएका बालबालिका लाई ध्यान दिई सो अनुसार पाठ्यक्रमको विकास कार्यान्वयन गरेर ती कमजोर दृष्टि भएका बालबालिकालाई माया र हौसलाको वातावरण दिइ सिकाई गरेर विद्यालयको शौचालय धारा तथा भौतिक निर्माण कार्यमा बालमैत्रीमा जोड दिएर

# परिच्छेद ५

# निष्कर्ष र सुझावहरु

यस शोध अध्ययन पुरा गर्ने सिलसिलामा ३ वटा विद्यालयमा गएर सम्बन्धित व्यक्तिहरुसंग प्रत्यक्ष रुपमा भेटघाट गरी उनीहरुसंग आवश्यक्ता अनुसार प्रश्नावली, अर्तवार्ता, छलफल, अवलोकन गरियो । यस छलफल अवलोकनबाट प्राप्त भएका निष्कर्षहरुलाई अगामी दिनमा के के गर्न सकिन्छ भनी केही नितिगत अनुसन्धान कार्यन्वयनको लागि सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ अध्ययनको प्राप्ती

यस शोध अध्ययन पुरा गर्ने सिलसिलामा सान्दर्भिक विषय वस्तुको पुनरावलोकन, प्रश्नावली, छलफल, अर्न्तवार्ता र अवलोकनबाट प्राप्त तथ्यांकको आधारमा महत्वपुर्ण प्राप्तिहरु प्राप्त गरियो । जुन प्राप्तिले विद्यालयको त्यस्ता कमजोर दृष्टि भएका बालबालिकाको लागि आवश्यक पक्षहरुको व्यवस्थापन गरि सिकाईसमावेशिताको लागि विद्यालयको प्रद्यानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र संबन्धित बालबालिका सबैलाई समेट्ने, सरसल्लाह गर्ने र हरेक कार्यहरु सहमतिमा गर्ने गरेको पाइयो ।

यस अध्ययनको मुख्य प्राप्तिहरु निम्न छन्

१. विद्यालयको सिकाईमा समावेसिता कायम गर्न प्र.अ. को भुमिका महत्वपूर्ण रहेको पाइयो ।

२. सिकाई मैत्री बनाउन शिक्षकलाई तालिमको व्यवस्था गरिएको पाइयो ।

३. बालबालिकाको रुची क्षमता अनुसार सिकाइ गरी उनीहरुको सिकाइमा आएको समस्या पत्ता लगाइयो ।

४. सिकाइमा आएको समस्याहरुलाई समाधान गर्ने उपाएहरु उल्लेख गरिएको पाइयो ।

५. पाठ्यक्रमको उदेश्य अनुसार शिक्षण सिकाई भएको पाइयो ।

६. प्र.अ. बाट नमुना कक्षा प्रस्तुत गरी अन्य शिक्षकहरुलाई सो अनुसार शिक्षण गर्न पथ प्रदर्शन गरेको पाइयो ।

७. कमजोर दृष्टि भएका बालबालिकाहरुलाई समान व्यवहार गरी शिक्षण गरेको पाइयो ।

८. कमजोर दृष्टि भएकाहरुलाई कक्षाको अग्र भागमा राखेर शिक्षण गरेको पाइयो ।

९. विद्यालयमा आँखा परिक्षण समय समयमा गरेको पाइयो ।

१०. विद्यालयका सिकाई वातावतरण तय गर्न विद्यालय व्यवस्थापन समितिसंग समय समयमा छलफल गरिएको पाइयो ।

## ५.२ निष्कर्ष

यस शोध अध्ययनको लागि मकवानपुर जिल्ला मनहरी गाउँपालिका भित्रको १८ वटा आधारभुत विद्यालयहरु मध्ये ३ वटा आधारभुत विद्यालयहरु श्री ऋषेश्वर बालजागृती, प्रगती आधारभुत विद्यालय लोथर, बालज्योती विद्यालय पर्तापुरका प्र.अ. हरु, शिक्षकहरु, सम्बन्धित विद्यार्थीहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षकहरुसंगको छलफल, प्रश्नावली, अन्तरवार्ताबाट प्राप्त सुझाब संकलन गरी निष्कर्षमा पुगियो । अध्ययनको उदेश्य र कार्य गरेको अनुभवहरुको विश्लेषणबाट यस अध्ययनको निष्कर्ष निकालिएको छ ।

यस अध्ययनको मुख्य निष्कर्षहरु शिक्षण सिकाइलाई समावेशिता कायम गरी गुणस्तरीयता कायम गर्नको लागि पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्प्स्तक र सन्दर्भ सामग्रीहरु गाउँपालिकाबाट प्राप्त गरिएको पाइयो । विद्यालयमा बसाई व्यवस्थापनको लागि भुई खाटको व्यवस्था गरिएको पाइयो ।

प्र.अ को प्रशासनिक कार्यबोधले गर्दा पुर्ण समय पाठनपाठन गर्ने कार्यमा कमि देखियो । आवश्यक्ता अनुसार शैक्षिक सामग्रीको प्रयोग गरिएको पाइएन । पाठ्क्रमको प्रयोग कम गरिएको पाइयो । समयमै कोर्ष नसकिएको हुदा सिकाइ उपलब्धिमा कमजोर देखियो । शिक्षकहरुलाई आँखा परिक्षण गर्ने तरिका हेटौडा आँखा अस्पतालले सिकाइएको पाइयो । जसले गर्दा शिक्षक स्वयमले कमजोर दृष्टि भएका बालबालिका पत्ता लगाउन सक्ने पाइयो । सिकाइमा आउने समस्या र त्यसको समाधान गर्ने तरिका शिक्षक स्वयमले गरेको पाइयो । बालबालिकालाई आफ्नो धारणा प्रष्ट रुपमा राख्न दिने गरेको पाइयो ।

कमजोर दृष्टि तथा आफ्ना बालबालिकालाई शिक्षामा समावेशिता कायम गर्ने भनिए बमोजिम पुरा गर्न सकिएको पाइएन । जसले गर्दा बिभिन्न बालबालिका शिक्षाबाट बाहिर रहेको बिभिन्न शैक्षिक तथ्यांकबाट देखियो ।

विशेष बालबालिकाको हकहितको लागि विभिन्न नितिनियमको व्यवस्था भए पनि सोको कार्यन्वयन हुन नसकेको पाइयो ।

१. कमजोर दृष्टि भएका बालबालिकाहरुलाई समावेशिक ढंगबाट सिकाइ गर्ने कार्य चुनौतीपूर्ण भएको पाइयो ।

२. बालबालिकाहरूलाई खेलसँगै सँगै सिकाइ गर्न पर्ने देखियो । बालबालिकाले आफ्नो रुचिको ३. विषयवस्तु सजिलै प्रस्तुत गरेको पाइयो ।

४. भेदभाव रहित ढंगबाट शिक्षण गरेको पाइयो । दृष्टि कमजोर भएका बालबालिकाको सिकाई उपलब्धिमा थप वृद्धि गर्नपर्ने देखियो ।

५. विद्यालयप्रति गुनासो संकलन गर्न सुझाव पेटीको व्यवस्था गरेको पाइयो ।

६. शैक्षिक गुणस्तर अभिृद्धिका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको पाइयो ।

७. आवश्यकता अनुसार शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने देखियो ।

८. दृष्टि कमजोर भएका बालबालिकाको समयसमयमा आँखा चेक जाँच गरेको पाइएन ।

९. श्रव्य दृश्य सामग्री र टेप रेकर्डको व्यवस्था गरी शिक्षण गर्नपर्ने देखियो ।

१० .पूर्ण बालमैत्रीको लागि आवश्यक कार्यहरू गर्नपर्ने देखियो ।

### ५.३ सुझाबहरु

यस अध्ययलबाट प्राप्त निष्कर्षहरुको आधारमा ती विद्यालयहरुको सिकाइ समावेशिकाको अवश्था कायम गर्न निम्न कार्यहरु गर्न पर्ने सुझाबहरु प्रस्तुत गरिएको छ ।

#### ५.३.१ नीतिनिमार्ण तह

शिक्षण सिकाइमा सम्पुर्ण अवस्थाका बालबालिकाले उनीहरुको रुची, आवश्यक्ता क्षमता अनुसार सिकाइ प्राप्त गर्न पाउनु उनीहरुको नैसंगिक अधिकार हो ।त्यसैले गर्दा सिकाइ अवस्थामा समावेशिताको खाचो पर्दछ ।

सिकाइमा समावेशिता कायम गरी सबै खाले बालबालिकालाइ समावेशियुक्त सिकाइ गरी शैक्षिक गुणस्तरमा तथा सिकाइमा गुणस्तर कायम गर्नको लागि शैक्षिक नियम र ऐनलाई चुस्त दुरुस्त रुपमा प्रयोग गर्नु पर्दछ । हाल आधारभुत तह देखि माद्यामिक तह सम्मको शिक्षाको रेखदेख गर्ने जिम्मेवारी स्थानिय सरकारको भएको हुदा स्थानिय तहबाट सिकाइमा समावेशिताको अवस्था कायम गरी दिने वातावरण तय गरिदिनु पर्दछ ।

विभिन्न अवस्थाको बालबालिकाको लागि विद्यालयमा उचित वातावरण तय गरी सिकाइ गर्न लगाउन प्र.अ. ले विशेष चासो देखाउनु पर्दछ । सिकाइ सुधारको लागि विभिन्न तालिमको व्यवस्था भएता पनि कक्षा अवलोकन गर्ने कार्य प्र. अ. र निरीक्षकको कमजोरी भएको देखियो । सो किसिमका बालबालिकाको सिकाइमा उचित शैक्षिक वातावरण तय गर्न बजेटको आवश्यक्ता देखियो ।

विद्यालयमा आवश्यक पाठ्यक्रम, सन्दर्भ सामाग्री साथै श्रब्यदृष्य सामग्री हुनु पर्दछ । जसले गर्दा सिकाइमा थप सहजता, रुचीपुर्ण वातावरण बनाउँछ । शिक्षकलाई कार्यसम्पादनको आधारमा पुरस्कार र दण्ड गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको लागि प्रधानध्यापकले बैठक गोष्ठी छलफल कार्य सञ्चालन गर्नुपर्ने हुँदा सो कार्यको लागि आवश्यक स्रोत सामग्री तथा बजेटको व्यवस्था गर्नुपर्दछ । विद्यालयमा सिकाइलाई सर्ता गर्ने खालका बालबालिकालाई रुचि जगाउने किसिम को बाल उपयोगी सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्नुपर्दछ यदि विद्यार्थीको रुचि पूर्ण विषय वस्तु नभएमा शैक्षिक सामग्रीको प्रयोग गरेर रुचिपूर्ण बनाउनुपर्दछ ।

१. सम्बन्धित पक्ष वा निकायलाई समावेशी सिकाई कार्यान्वयनको लागि जोड दिनुपर्छ ।

२. स्थानीय तहले अनुगमन सुपरिवेक्षण कार्यलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न जोड दिनुपर्छ ।

३. समवेशी कक्षा प्रभावकारी बनाउन प्रधानाध्यापक र निरीक्षकले समयसमयमा नमुना कक्षा प्रदर्शन गर्नुपर्छ ।

४. शिक्षकलाई तालिम दिन स्थानीय सरकारसँग समन्वय गर्नुपर्छ ।

५. प्रधानाध्यापकले पाठ्यक्रम सन्दर्भ सामग्रीको कार्यान्वयन गर्ने गराउने गर्नुपर्छ ।

६. प्रधानाध्यापकले शिक्षकको कार्य सम्पादनको आधारमा द्वण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ ।

### ५.३.२ कार्यन्वयन तह

सिकाइमा समाबेशिताको अवस्था कायम गर्नको लागि कमजोर दृष्टि भएकाहरुका लागि उचित बसाई व्यवस्था, समय समयमा आँखा परिक्षण गर्न श्रव्यदृष्य सामग्रीको व्यवस्था, दक्ष तालिम प्राप्त शिक्षकको व्यवस्था आवश्यक्ता अनुसारको शैक्षिक योजना तय गरी कार्यन्वयन गर्नु पर्ने देखिन्छ । विद्यालय योजना बनाउँदा विद्यालय व्यवस्थापन समिति, शिक्षक, कमजोर दृष्टि भएका विद्यार्थी आदिको छलफल र सहभागितामा विद्यालय योजना बनाई कार्यन्वयन गर्नु गराउनु पर्ने देखिन्छ । कक्षाका सबै किसिमका बालबालिकाले ठीक आवश्यक्ता अनुसार सिकाइ गरी सिकाइमा समावेशिता कायम गर्न, छलफल, अन्तरक्रिया, सेमिनार, गोष्ठी गर्न आवश्यक श्रोत सामग्री तथा बजेटको व्यवस्था गर्नु पर्दछ । ती कमजोर दृष्टि भएका बालबालिकाको सिकाइ समावेशि कायम गर्न अतिरिक्त क्रियाकलापको योजना बनाइ लागु गर्ने, त्यस्तै आवश्यक शैक्षिक सामग्रीको व्यवस्था थप बसाइ व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । जसमा सबैले आ आफ्नो भुमिका निभाउनु पर्ने देखिन्छ ।

प्रधानाद्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी आदि संग विविध शैक्षणिक विषयहरुमा दोहोरो संवाद गरी कक्षामा समावेशि सिकाइ वातावरण तय गर्नु पर्ने देखिन्छ । प्रधानाद्यापक एकलैले गर्न नसकिने कार्यहरुको लागि अन्य शिक्षकहरुको समेत विद्यालय व्यवस्थापन समितिलाई अधिकार प्रत्यायोजन गरी शक्ति विकेन्द्रिकरण गर्ने र सहभागितामुलक सिकाइमा जोड दिनु पर्दछ । मासिक रुपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक स्टाफ बैठक राखेर विद्यालयको समसामुहिक विषयमा छलफल गरी निर्णयहरु कार्यन्वयन भए नभएको छलफल गर्नु पर्ने देखिन्छ । साथै भावि योजनाहरु बनाउँनु पर्दछ । प्र.अ., श्रोत शिक्षकहरुले निरन्तर रुपमा सिकाइ गुणस्तरको लागि कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु पर्ने देखिन्छ ।

प्र.अ., शिक्षकहरुको योजना निर्माण, मूल्यांकन, सुपरिवेक्षणमा थप क्षमता अभिवृदि गर्नु पर्ने देखिन्छ । अन्य कमजोर दृष्टि भएका वा अपा·ता भएका विद्यालयको भ्रमण गरी कक्षा व्यवस्थापन तथा सिकाइ के कसरी गरी थप प्रभावकारी गरी सिकाइ प्रदान गर्न सकिन्छ

भनि अन्य विभिन्न विद्यालयमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति सदस्यहरुलाई अन्य विद्यालय भ्रमण गराउनु पर्ने देखिन्छ ।

१. विद्यालयले उमेर अवस्थाको आधारमा बसाई व्यवस्था मिलाउनुपर्छ ।

२. सहभागितामूलक ढङ्गबाट विद्यालय योजना बनाई कार्यान्वयन गर्ने गराउने गर्नुपर्छ ।

३. विद्यालयले अतिरिक्त क्रियाकलाप तय गरी कार्यान्वयन गर्नुपर्छ

४. सम्बन्धित पक्ष सबैले आआफ्नो जिम्मेवारी बहन गर्नुपर्दछ ।

५. दृष्टि कमजोर भएकाहरूको विद्यालयले सिकाइमा थप जोड दिनुपर्छ

### ५.३.३ अनुसन्धान तह

यस अध्ययन पश्चात केही महत्वपरुर्ण तथ्यहरु प्राप्त भएका छन् । जुन तथ्यहरुबाट सिकाइमा थप समावेशिता गर्न आवश्यक देखियो । हेर्दा, सोच्दा, सामान्य जस्तो लागे पनि कमजोर दृष्टिले गर्दा सिकाइमा ठुलो नकारात्मक असर पुऱ्याई बालबालिकाहरु कक्षा दोहोऱ्याउने, पढाई छाड्ने सम्मको समस्या समेत आउन सकिने देखियो । जुन अहिले सम्म कक्षा दोहोऱ्याउने, छाड्ने दरबाट यो समाज वा राष्ट्र अछुत छैन । त्यसैले गर्दा यो अनुसन्धानबाट के कसरी पूण रुपमा छाड्ने र दोहोऱ्याउने दरलाई न्युनीकरण वा निमूल पार्न सकिन्छ भनि अनुसन्धानको विषय बन्न सक्ला जुन सिकाइ समावेशिताको कमीले गर्दा निम्त्याउने अवस्था हो भन्ने देखिन्छ ।

उल्लेखित समस्या वा अवस्थालाई न्युनिकरण गर्नको लागि विद्यालयसँग सम्बन्धित सरोकारवालाहरुको ठुलो भूमिका रहन्छ । यस अन्तर्गत विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने भूमिका प्रधानाध्यापकको भएको हुँदा निजलाई समेत बनाउँदै शिक्षकलाई पाठ्यक्रम, शिक्षक निर्देशिका तथा शिक्षकको लागि यो अध्ययन अतिमहत्वपूर्ण हुन गएको छ भने साथ साथमा शिक्षा क्षेत्रमा सरोकार राख्ने सम्बन्धित व्यक्तिहरु विभिन्न शैक्षिक अनुसन्धान कर्ताहरुलाई यस अध्ययनले थप महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

यसरी विद्यालयमा सहभागितामूलक समावेशी ढंगबाट सिकाइ अवस्था कायम गर्न विद्यालयमा भौतिक वातावरण, शैक्षिक वातावरण मानविय व्यवस्थापन गर्नका लागि आर्थिक दायित्व वा खर्च कसले गर्ने हो ? स्थानीय सरकारबाट खर्च व्यहोर्ने वा पूर्ण दायित्व

सरकारको हो भन्ने सम्बन्धमा एक खोजनीय कार्य हुन सक्छ । विद्यालयको भौतिक, शैक्षिक, मानवीय कार्यमा व्यवस्थापन जिम्मेवारी कसको हो भन्ने प्रस्ट हुन जरुरी भएको हुँदा यो एक अनुसन्धानको विषय समेत हुन सक्ने देखिन्छ । यी उल्लेखित पक्षहरुको भौतिक, शैक्षिक मानवीय ठिक ढंगले परिचालन भए नभएको सुपरिवेक्षण गरि आवश्यक रुपमा पृष्ठपोषण दिई सिकाइ अवस्थामा समावेशिता कायम गर्न सकिन्छ । जसको लागि निरन्तर सुपरिवेक्षण हुनु पर्दछ ।

१. कक्षा दोहोर्याउने छाड्ने कारण पत्ता लगाउन पर्ने देखियो

२. विद्यार्थी सहभागिता दर बढाउनुपर्ने देखियो ।

३. विद्यार्थी नियमितताको लागि सरोकारवाला पक्षको जोड रहनुपर्ने देखिन्छ

४. जिम्मेवारी अनुसार स्रोतसाधनको जोहो गर्ने कार्यमा जोड दिने

५. स्रोत साधनको ठिक ढङ्गबाट सञ्चालन गर्ने

## अनुसुची १

## प्रधानाध्यापकको लागि प्रश्नावली

प्रधानाध्यापकको नाम :

विद्यालयको नाम :

शैक्षिक योग्यता :

आफूलाई उपयुक्त लागेको उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१. तपाईका विद्यालयमा कमजोर दृष्टि भएकाहरुलाई कसरी पहिचान गर्नु हुन्छ ?

(क) अभिभावकलाई सोधेर (ख) अस्पतालमा आँखा परिक्षण गरेको रिर्पोट हेरेर (ग) आँखा जाँच्न पठाएर

२. कमजोर भएका बालबालिकालाई कसरी कक्षा व्यवस्थापन गर्नु हुन्छ ?

(क) श्रव्यदृश्य सामाग्रीबाट (ख) कक्षा व्यवस्थापन बाट (ग) भौतिक शैक्षिक पक्षलाई जोड दिएर

३. कमजोर दृष्टि भएकाहरुको सिकाई अवस्था कस्तो रहेको छ ?

(क) उच्च (ख) मध्यम  (ग) कमजोर

४. सिकाईको लागि शिक्षकले तालिम लिनु भएको छ ?

(क) तालिम प्राप्त (ख) अप्राप्त  (ग) आवश्यकता नभएर

५. शिक्षणमा के के कठिनाइँ पाउनु भयो ?

(क) शैक्षिक सामाग्रीको अभाव (ख) सिकाई समस्या    (ग) विद्यालय नआएर समस्या

६. तपाइले कहिल्यै कक्षामा अनुगमन गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) आवश्यता नभएर

७. तपाईले पाठ्यक्रम शिक्षक निर्देशिका शिक्षकलाई उपलब्ध गराउनु भएको छ ?

(क) उपलब्ध गराएको छ (ख) उपलब्ध गराएको छैन (ग) नभएर

८. तपाईले समावेशी सिकाइको लागि योजना बनाउनु भएको छ ?

(क) छ (ख) छैन (ग) कहिले काही

९. तपाई विद्यालयमा समावेशी शिक्षण गराउनु पर्छ भन्ने विषयमा शिक्षकहरुसँग छलफल गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) आवश्यक छैन

१०. समावेशी शिक्षणको लागि कक्षाकोठामा कस्तो वातावरण तयार गर्नु भएको छ ?

(क) उमेर अनुसार फर्निचर राखेर (ख) कमजोर दृष्टि भएकालाई अग्र भागमा राखेर (ग) माथिको सबै

११. समावेशी शिक्षण गर्दा आइ परेका समस्यलाई कसरी समाधान गर्नु हुन्छ ?

(क) एक्लैले समाधान गर्छु (ख) वि.व्य.स.को छलफलबाट समाधान गर्छु (ग) समाधानमा खासै वास्ता दिदिन

## अनुसुची २

## शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम :

विद्यालयको नाम :

आफूलाई उपयुक्त लागेको उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१. समावेशी सिकाईको लागि प्र.अ.बाट कस्तो सहयोग पाउनु भयो ?

(क) राम्रो (ख) मध्यम (ग) सन्तोषजनक

२. तपाईले शिक्षण गर्दा के लाई मुख्य आधार मान्नु हुन्छ ?

(क) पाठ्यक्रम (ख) पाठ्यपुस्तक (ग) सन्दर्भ सामाग्री

३. तपाईले समावेशी शिक्षण सम्बन्धि तालिम लिनु भएको छ ?

(क) छ (ख) छैन (ग) आवश्यकता छैन

४. शिक्षण गर्दा समस्या आएमा अन्य शिक्षकसँग छलफल गर्नु भएको छ ?

(क) प्र.अ. सँग (ख) स्रोत शिक्षक सँग (ग) स्टाफ सँग

५. विद्यालयमा पाठ्यक्रम सन्दर्भ सामाग्री शिक्षक निर्देशिका प्रयाप्त छ ?

(क) अपुग (ख) प्रयाप्त (ग) अप्रयाप्त

६. शिक्षण गर्ने पाठको पूर्व पाठ योजना तयार गर्नु हुन्छ ?

(क) छैन (ख) गर्ने गरेको छ (ग) कहिले काही

७. तपाईले शिक्षण गर्दा शैक्षिक सामाग्री प्रयोग गर्नु हुन्छ ?

(क) गर्छु (ख) विषयवस्तु अनुसार (ग) गर्दिन

८. पठनपाठनमा बालबालिको रुचि कस्तो पाउनु भएको छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) अन्य

९. दृष्टि कमजोर बालबालिकालाई कसरी कक्षा व्यवस्थापन गर्नुहुन्छ?

(क) अग्रभागमा राखेर (ख) वास्ता नगरेर भेदभा (ग) भेदभाव गरेर

१०. विद्यालयमा दृष्टि कमजोरहरूको सिकाई रुचि कस्तो पाउनुहुन्छ ?

(क)रुचि भएको (ख)पढाइमा वास्ता नगर्ने (ग) कुनै पनि होइन

११. कमजोर दृष्टि भएकाहरूका लागि कुन शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ?

(क) श्रव्य दृश्य (ख) चार्टबाट (ग) कुनै पनि होइन।

## अनुसुची ३

## विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई प्रश्नावली

विद्यालयको नाम

विद्यालय व्यवस्थापन समिति अध्यक्षको नाम

आफूलाई उपयुक्त लागेको उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१ विद्यालयमा भौतिक शैक्षिक व्यवस्थापन गर्न बैठकमा छलफल गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) आवश्यक छैन

२ विद्यालयको समग्र विकास गर्न केही योजना बनाउनु भएको छ ?

(क) छ (ख) छैन

३ समावेशी सिकाइको लागि आवश्यक भौतिक सामग्री निर्माण गर्न बजेट कहाँबाट जुटाउनु हुन्छ ?

(क) गाउँपालिकाबाट (ख) अन्य संघसस्थाबाट (ग) सहयोगबाट

४ विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था कस्तो छ ?

(क) छैन (ख) छ

५ विद्यालयमा पानीको मुख्य श्रोत के हो ?

(क)धारा (ख) कुवा (ग) खोला

६ समावेशी सिकाइको लागि शिक्षकलाई तालिममा पठाउनु भएको छ ?

(क) छ (ख) छैन (ग) तालिम चल्दैन

७ समावेशी सिकाइ गर्दा मुख्य समयमा आएको छ ?

(क) छ (ख) छैन

८ समय समयमा विद्यालयको अनुगमन गर्नु हुन्छ ?

(क) गर्छु (ख) गर्दिन

९ समावेशी सिकाइको लागि विभिन्न अन्तरक्रियाहरु गरेको पाउनु भएको छ ?

(क) छ (ख) छैन

१० बालबालिकाहरुको गुनासो सुन्ने र समाधान गर्ने गर्नु भएको छ ?

(क) छ (ख) छैन

११. कमजोर देशी भएका बालबालिकाहरूका लागि कुनै योजना बनाउनुभएको छ

(क )छ (ख )छैन (ग )वास्ता गरिएन

१२. कमजोर दृष्टि भएकाहरूलाई के के योजना बनाउनुभएको छ ?

(क) बसाई व्यवस्थापन सम्बन्धी (ख) १३.शैक्षिक सामग्री उपलब्ध गराउने सम्बन्धी ग कुनै पनि होइन ।

१३. दृष्टि कमजोर भएकाहरूलाई योजना बनाउन कहाँबाट आर्थिक स्रोत प्राप्त गर्नुहुन्छ ?

(क) गाउँपालिका (ख) अभिभावकबाट (ग) चन्दाबाट

१४. विद्यालयमा दृष्टि कमजोर हरूका लागि अपाङ्गमैत्री धाराको व्यवस्था गर्नुभएको छ ?

(क) छ (ख) वास्ता छैन (ग) छैन

१५. अपाङ्ग मैत्री शौचालयको व्यवस्था छ ?

(क) छ (ख) छैन (ग) आवश्यक छैन।

१६. कक्षा कोठामा आवतजावत गर्नको लागि चमको व्यवस्था छ?

(क) छ (ख) छैन (ग) आवश्यक नभएर

१७. तपाईं हरू कमजोर दृष्टि भएकालाई कक्षा व्यवस्थापन गर्ने विषयमा प्रधानध्यापक शिक्षकसँग कहिल्यै छलफल गर्नुभएको छ?

(क) छ (ख) छैन (ग) आवश्यक नभएर

१८. देही कमजोर बालबालिकाको सिकाई वृद्धिको लागि अभिभावक शिक्षकसँग अन्तरक्रिया गर्नुभएको छ?

(क) छ (ख) छैन ग कहिलेकाहीँ

१९. कमजोर दृष्टि भएका बालबालिकाको गुनासो सुन्ने गर्नुहुन्छ?

(क) छ (ख) छैन ग कहिलेकाहीँ

२०. कमजोर दृष्टिको लागि समस्या देख्नुभएको छ?

(क) छ (ख) छैन ग वास्ता गरिएन

२१. दृष्टि कमजोर बालबालिकाको के समस्या देख्नुहुन्छ?

(क) कक्षा व्यवस्थापन सम्बन्धी समस्या (ख) नियमित सहभागी नहुने समस्या ग सबै

(१२) कमजोरी दृष्टि भएका बालबालिकाको कक्षा कोठामा देखिएका समस्यालाई कसरी समाधान गर्नुहुन्छ?

(क) योजना बनाएर (ख) समस्याको पहिचान गरेर माथिका सबै

## अनुसुची ४

**विद्यार्थीलाई प्रश्नावली**

आफूलाई उपयुक्त लागेको उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१ विद्यालयमा कस्तो व्यवहार पाउनु भएको छ ?

(क) समान व्यवहार (ख) भेदभाव
२ विद्यालयमा सधै आउनुहुन्छ ?

(क) आउछु (ख) आउदिन (ग) कहिलेकही

३ कमजोर दृष्टि भएका तपाइहरुलाई कक्षामा बस्ने व्यवस्था कस्तो छ ?

(क) सुविधाजनक (ख) सुविधा नभएको

४ सिकाइमा कतिको रुची लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन

५. शिक्षकहरु पुरै समय कक्षामा शिक्षण गर्छन?

(क) गर्नु हुन्छ (ख)गर्नु हुदैन

६. कक्षामा पढाउँदा शिक्षकले कस्तो व्यवहार गर्नु हुन्छ ?

(क) मायालु (ख) रिसालु

७. विद्यालयमा शौचालयको सुविधा छ ?

(क) छ (ख) छैन

८. विद्यालयमा अतिरिक्त क्रियाकलापहरु हुने गरेको छ ?

(क) हुन्छ (ख) हुदैन (ग) कहिलेकाही

९. अतिरिक्त क्रियाकलापमा सहभागी हुनुहुन्छ ?

(क) हुन्छु (ख) इच्छा लाग्दैन

१०. विद्यालयले पुरस्कार तथा सम्मानको कार्यक्रम गर्ने गरेको छ ?

(क) छ (ख) छैन

११ . कमजोर देशी भएका बालबालिकाहरूका लागि कुनै योजना बनाउनुभएको छ

(क )छ (ख )छैन (ग )वास्ता गरिएन

कमजोर दृष्टि भएकाहरूलाई के के योजना बनाउनुभएको छ?

क बसाई व्यवस्थापन सम्बन्धी ख शैक्षिक सामग्री उपलब्ध गराउने सम्बन्धी ग कुनै पनि होइन।

१२. दृष्टि कमजोर भएकाहरूलाई योजना बनाउन कहाँबाट आर्थिक स्रोत प्राप्त गर्नुहुन्छ?

क गाउँपालिका ख अभिभावकबाट ग चन्दाबाट

१३. विद्यालयमा दृष्टि कमजोर हरूका लागि अपाङ्गमैत्री धाराको व्यवस्था गर्नुभएको छ?

क छ ख वास्ता छैन। ग छैन।

१४. अपाङ्ग मैत्री शौचालयको व्यवस्था छ?

क छ ख छैन ग आवश्यक छैन।

१५. कक्षा कोठामा आवतजावत गर्नको लागि चमको व्यवस्था छ?

क छ ख छैन ग आवश्यक नभएर

१६. तपाइँ हरू कमजोर दृष्टि भएकालाई कक्षा व्यवस्थापन गर्ने विषयमा प्रधानध्यापक शिक्षकसँग कहिल्यै छलफल गर्नुभएको छ?

क छ ख छैन ग आवश्य

# अनुसूची ५

अभिभावकको नाम

आफूलाई उपयुक्त लागेको उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१. दृष्टि कमजोर भएका बालबालिकाहरूले घरको काममा कतिको रुचि देखाउनुहुन्छ (क) कम (ख) अलिअलि (ग) देखाउँदैनन्

२. दृष्टि कमजोर भएका बालबालिकाहरूले कुनै दिन आँखा दुख्यो भन्नुभएको छ ?
(क) छ (ख) छैन।

३. तपाईँको नानी बाबुले आँखा कम देखेको कारण विद्यालयमा नजाने भन्नुभएको छ ।(क) छ (ख) छैन

४. तपाईं बालबालिकाको अध्ययनक्रममा उनीहरूको अध्ययन अवस्था बुझ्नको लागि विद्यालय जाने गर्नुभएको छ ।

(क) छ (ख) छैन

५. विद्यालयले दृष्टि कमजोर बालबालिका प्रति कस्तो व्यवहार गर्नुभएको पाउनुभयो ।

(क) सामान्य व्यबहार (ख) भेदभाव

६. अभिभावक भेलामा नियमित जाने गर्नुभएको छ ? (क) छु (ख) कहिले काहीँ जाने गेरेछु

७.दृष्टि कमजोर भएका बालबालिकाहरूका लागि विद्यालयमा भएको भौतिक व्यवस्थापन तपाईंलाई कस्तो लाग्यो ?

(क) राम्रो (ख) ठिकै (ग) सुधार गर्नुपर्ने

८. तपाई कुनै दिन आफ्नो नानीबाबुको अध्ययन सम्बन्धी विषयगत शिक्षकसँग भेट्ने गर्नुभएको छ। (क) छ (ख) छैन (ग) कहिलेकाहीँ

९. तपाईले आफ्नो दृष्टि कमजोर भएका बालबालिकालाई कति कति समयमा अस्पताल लैजाने गर्नुभएको छ।

(क) तीन महिनामा (ख) छ महिनामा (ग) एक वर्षमा

१०. दृष्टि कमजोर भएका बालबालिकाले लगाउनुभएको जसमा कति कति समयमा जचाउनुहुन्छ ?

(क) तीन महिनामा (ख) छ महिनामा (ग) एक वर्षमा

१२.दृष्टि कमजोर भएका बालबालिकाले घरमा कस्तो व्यवहार देखाउनुहुन्छ ?

(क) सामान्य (ख) असामान्य दृष्टि

१३. कमजोर भएका बालबालिकाप्रति तपाईंको परिवारको व्यवहार कस्तो छ ।

(क) सामान्य (ख) असामान्य दृष्टि

१३.दृष्टि कमजोर भएका बालबालिकाहरूको पोषणयुक्त खानपिनमा ध्यान पुऱ्याउनु सक्नु हुन्छ ?

(क) सक्छु (ख) सकिराको छैन

## सन्दर्भ सामाग्री

— नेपाल सरकार २०७४, शिक्षा ऐन (२०८०)

— विशेष शिक्षा परिषद (२०५३) विशेष शिक्षा नीति

— नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग २०५७

— नेपाल सरकार शिक्षा मन्त्रालय, समावेशी शिक्षा नीति २०७३

— सामुदायिक आँखा अस्पताल हेटौडा

— शिक्षा नियमावली २०५९

— कमजोर दृटि भएकाहरुको शिक्षामा समावेशीताको अवस्था

— बालबालिकाको अवस्था अनुसार शिक्षा प्रदान गर्ने अवधारण समाहित शिक्षा विभाग २०६८

— सन १९९० सबैका लागि शिक्षा अभियान (१९९०) महाश्रम शर्मा

— समाहित शिक्षाको अवधारण १९९४

खड्का, ( २०६९) सामुदायिक विद्यालयहरूको शैक्षिक व्यवस्थापन

— बरुवाल ,(२०५६) शैक्षिक सुधारको लागि प्रधानाध्यापकको नेतृत्व

— शर्मा एण्ड शर्मा ,(२०५८) अन्तर्दृष्टिपूर्ण सिकाई सिद्धान्त

— भट्टराई ,(२०६१) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी अध्ययन

— शिक्षा नियमावली ,(२०५९) निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था

— शिक्षा ऐन ,(२०२८) संशोधन व्यवस्था अन्तर्गत आरक्षणको अवस्था

— समावेशी शिक्षा नीति ,(२०५३) कक्षा व्यवस्थापन